जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २७१ • २०८१ साल फाल्गुन १३ गते मंगलबार (25 February, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## लोडेड पेस्तोलसहित २ भारतीय पक्राउ

**टुडे समाचारदाता**

गौर । भारतीय नाका बरगनिया मार्गबाट गौर हुँदै चितवनतर्फ हतियारसहित हिडेका दुई जना भारतीय नागरिक पक्राउ परेका छन् ।

रौतहटको गौरबाट चितवनतर्फ जाँदै गरेको ना ८ ख ८७७३ नम्बरको यात्रुबाहक बसमा जाँच गर्दा हतियारसहित दुई जना भारतीय नागरिक पक्राउ परेको प्रहरीले पुष्टि गरेको छ । पक्राउ पर्नेहरुमा भारतको बिहार राज्य मोतिहारी बहरीग्रामका २६ वर्षीय दीपक कुमार र बिहार सिहुहर जिल्ला धनहरा ग्रामका २२ वर्षीय धिरज कुमार रहेको मकवानपुरका एसपी विश्व खड्काले जनाए ।

धीरज कुमारले ९ एमएमको १ राउन्ड गोली लोड भएको पेस्तोल कम्मरमा बोकेर हिंडेको एसपी खड्काले बताए । लोड नभएको थप दुई राउन्ड गोली पनि बरामद भएको छ ।

तस्करीका लागि सुरक्षित मार्ग मानिने रौतहट जिल्लाबाट हतियार सहित सहजै नेपालमा प्रवेशगरि बारा र पर्सा जिल्ला छल्दै मकवानपुरमा मानिस पक्राउ परेको छ ।

## दुई देशको नागरिकताका कारण माछाको काम मारमा

# सरकारी अधिकारीको मिलेमतोमा माछा तस्करी

**टुडे समाचारदाता**

वीरगंज । नेपाल र भारतको नागरिकता लिएर दुई देशमा सुविधा लिने एकजना माछा व्यवसायीको कारण सयौं माछा किसानहरु मारमा परेका छन् ।

नेपाली नागरिकता र भारतीय इम्पोर्टर एक्सपोर्टर कोड(आईईसी) लिएका माछा व्यवसायीले भारतमा भारतीय नागरिकको सुविधाबाट रक्सौलसम्म आन्ध्रप्रदेशको माछा मगाउने र नेपालमा तस्करी गरी नेपाली नागरिकको हैसियतमा व्यवसाय चलाउँदै आएका विपिन साहको कारण माछा किसानहरु मारमा परेका छन् ।

विवादास्पद माछा व्यवसायी विपिन साह तुरहा द्वैध नागरिक भएको तथ्य प्रमाणले देखाएको छ । भारतमा भारतिय नागरिक र नेपालमा नेपाली नागरिक बनेर दुबै देशबाट विपिनले नागरिकलाई प्राप्त हुने सुविधा उपभोग गरिरहेको खुलेको छ ।

विपिन साहले भारत पटनाको संयुक्त महानिर्देशक विदेश व्यापारको कार्यालयबाट आयातक निर्यातक कोड (आईईसी) नम्बर २११७५०१४७८ बाला जी ट्रेडर्स, मछली बजार रक्सौल पूर्वी चम्पारण बिहार नागा रोडको ठेगाना उल्लेख गरी प्राप्त गरेका छन् ।

नेपाली नागरिकले नपाउने यो सुविधा विपिनले भारतमा भारतीय नागरिक विपिन साह बनेर लिएका छन् । नेपालमा उनको नाउँमा दर्ता रहेको सुरज फिस सप्लायर्समा प्रोप्राइटरको नाम विपिन साह तुरहा उल्लेख छ । तर दुवै परिचय पत्रमा तस्वीर विपिन साहकै रहेको छ ।


वीरगंज भन्सार कार्यालय आइ.सी.पी. क्लियरिङ एजेण्ट संघका अध्यक्ष राजमान तामाङ्ले नेपाली नागरिकको नाउँमा आईईसी जारी हुन नसक्ने बताए । विपिन साहले प्राप्त गरेको आईईसी कार्डबाट नेपालमा माछा निर्यात गर्न आन्ध्र प्रदेशबाट ल्याउने गर्छन् ।

नेपाली नागरिक भएर भारतिय आईईसी कोड लिएको विषयमा जानकारी माग्दा उनले आफ्नो नाउँमा यस्तो कुनै कोड जारी नभएको दावी गरे ।' मेरो नाममा भारतीय कुनै प्रकारको कोड जारी भएको छैन' उनले भने, म नेपालमा माछा व्यवसाय गरिरहेको छु । कहिले काही आन्ध्रप्रदेश लगायतबाट समेत माछा मगाउने गरेको उनले स्वीकार गरे ।

भारतको आन्ध्र प्रदेशबाट पंगास, रोहु, भकुरा र रूपचन प्रजातिका माछा नेपालमा थोरै भन्सार बुझाएर अधिकांश माछा चोरीपैठारी गरी नेपालमा भित्र्याइने हुँदा नेपाली माछा किसानहरुले प्रतिस्पर्धा गर्न कठिन भएको छ ।

चोरी पैठारी भएर आउने माछाको मूल्य सस्तो हुने गरेकाले बजारमा प्रतिस्पर्धा गर्न मुश्किल रहेको मत्स्य व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष अम्बिका प्रसाद अधिकारीले बताए ।

विपिनले भारतको आन्ध्र प्रदेशबाट झिकाएको माछा रक्सौलको माछा बजारमा भण्डारण गरी बाराको बरियारपुर, पिपरा बेनौली, छतवा, बसतपुर र बलरामपुर पर्साको भकुवा, अलौ, अमारपट्टी, बुडगाई, सिक्टा र भिस्वा नाका भएर दैनिक २० औं टन माछा अबैध रुपमा भित्र्याउने गरेको माछा किसानहरु बताउँछन् ।




रामबाबु तुराहा, श्यामबाबु तुरहा, राहुल तुरहा, उमेश पटेल र जालन्धर तुरहा बोर्डरमा माछाको लाइन मिलाउने काममा खटिएको बताइन्छ ।

वीरगंज भन्सार कार्यालय आइ.सी.पी. बाट विपिनले दैनिक पिकअप र ट्रकमा न्यून राजस्व तिरेर कमसल फर्मालिन हालेको माछा भित्र्याउने गरेको र जाँचकीको मिलेमतोमा आफ्नो एजेण्ट मुस्तफा मार्फत प्रत्येक पिकअपमा नियमले ४८ ट्रे माल हुनु पर्नेमा मिलाएर ५६ ट्रे ट्रक भित्र १४५ ट्रे को ठाउँमा ३०० ट्रे माछा नेपाल भित्राउने गरेको बताइन्छ ।

भारतमा माछा उत्पादक किसानलाई सरकारले भरपुर सुविधा उपलब्ध गराइरहेकाले उनीहरूको तुलनामा पाउने सरकारी सुविधा न्यून रहेकोले भन्सार कार्यालयबाट शुल्क तिरेर आउने माछासित समेत प्रतिस्पर्धा गर्न नसकिने अवस्था रहेकोमा झन् भन्सार छलेर आउने माछाले धराशायी नै बनाएको अध्यक्ष अधिकारीले बताए ।

'भन्सार काटेर आउने माछासित हामीलाई प्रतिस्पर्धा गर्न अप्ठ्यारो छैन्' उनले भने, तर चोरबाटोबाट आउने माछासँग प्रतिस्पर्धा गर्न सकिदैन ।

अध्यक्ष अधिकारीले पशु सेवा विभागले एउटा नमुना जाँचेको भरमा ६ महिना सम्म हजारौं टन माछा आयात गर्न अनुमति दिने प्रावधानले पनि नेपाली मारमा परेकाले सरकारले त्यसमा ध्यान दिनुपर्ने उनको माग छ ।

राज्य पक्षबाट नै माछाको अवैध कारोबारलाई मलजल भइरहेकोले नेपाली माछा किसानहरु डुब्ने अध्यक्ष अधिकारीको चिन्ता छ ।

विपिनले पठाएको १४ सय केजी माछा गत माघ २८ गते झापा जिल्लाको सशस्त्र प्रहरीको गण नं २ ले नियन्त्रणमा लिएर नष्ट गरेको थियो ।

मानिसको शवलाई लामो समयसम्म कुहिन नदिन प्रयोग गरिने फर्मालिन माछामा हालेर ल्याउने गरिएको छ । मानव स्वास्थ्यको लागि अति हानिकारक मानिएको फर्मालिन प्रयोग भएको माछाको जाँच समेत नियमित रुपमा हुने गरेको छैन । फर्मालिनले माछालाई लामो समय सम्म ताजा जस्तै देखिने बनाइ राख्छ ।

भारतमा विपिन साह र नेपालमा विपिन साह तुरहा नाम गरेको एकै व्यक्ति रहे पनि दुवै देशका अधिकारी सम्म पहुँच रहेकाले निर्वाध रुपमा उनले सुबिधा लिइरहेका छन् ।







# रौतहटमा १६ जना फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका निकायले १६ जना फरार प्रतिवादी पक्राउ गरेको छ। फैसला कार्यान्वयन अन्तर्गत अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएको लामो समय देखि विभिन्न मुद्दाका १६ जना फरार प्रतिवादी लाई प्रहरीले पक्राउ गरेको हो ।




जालसाजी, कुटपिट, चेक अनादर र गाली बेइज्जती, हात हतियार, वन, सम्बन्ध बिच्छेद, लगायतका मुद्दामा दोषी ठहर भई दण्ड सजाय तोकिएर फरार रहेका शेख रोस्तम , जैबुन खातुन, सहनाज खातुन, बच्चा यादव, लक्ष्मी देवी यादव, जानकी देवी बिनिन, अनिल कुमार मिश्र, महमद जदाम पक्राउ परेका छन्, त्यसै गरी अन्य पक्राउ पर्नेहरुमा सिला देवी, सबनम कुमारी साह, लक्ष्मी यादव, नितेश यादव, मुकेश यादव, सिकेन्द्र दास, गर्भलाल प्रधा, र राम एकवाल चौधरी रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपि दीपक कुमार रायले जनकपुर टुडे लाई बताएका छन् । पक्राउ सबै प्रतिवादीहरूलाई आवश्यक कारबाहीको लागि रौतहट जिल्ला अदालतमा पठाइएको प्रहरीको सूचनामा उल्लेख गरिएको छ ।

जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा प्रहरीले फरार प्रतिवादी पक्राउ र तस्करी नियन्त्रण गर्न अभियान सञ्चालन गरेका छन् ।

# मिथिला बिहारीमा महाआरती

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला क्षेत्रको धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्वलाई मध्यनजर गर्दै मिथिला बिहारी महाआरती र मिथिला माध्यमिकी परिक्रमा धुमधामसँग शुरु हुने भएको छ ।

यस धार्मिक महोत्सवले नेपाल र भारतका लाखौं श्रद्धालु र साधुसन्तलाई एकजुट गर्दै एक अद्वितीय धार्मिक यात्रा प्रस्तुत गर्ने विश्वास लिइएको छ ।

फागुन १५ गते बिहीवारदेखि मिथिला माध्यमिकी परिक्रमा विधिवत् रूपले आरम्भ हुनेछ । यस धार्मिक परिक्रमामा हजारौं भक्तजन र साधुसन्तहरू नेपाल र भारतका पवित्र धार्मिक स्थलहरूमा यात्रा गर्दै पुण्य प्राप्ति र आत्मिक शान्ति चाहन्छन् ।



मिथिलाको ऐतिहासिक परम्परा अनुसार परिक्रमा धनुषाको ठेरा कचुरी मठबाट शुरू हुने जनाइएको छ । त्यसपछि विभिन्न धार्मिक स्थलहरू हुँदै भारतको कल्याणेश्वरसम्म पुग्नेछ ।

यस परिक्रमाको मुख्य उद्देश्य पाप नाश र पुण्य प्राप्ति हो । धार्मिक स्थलहरूको परिक्रमा गर्दा भक्तजनहरूले झाँकी, भजन र कीर्तन जस्ता धार्मिक क्रियाकलापहरूमा पनि भाग लिनेछन् । यस अवसरमा कञ्चनवन मन्दिरमा होलीको औपचारिक शुरुवात पनि हुनेछ । महोत्तरीको कञ्चनवनमा भक्तजनहरूले एकआपसमा होली खेल्ने परम्परा रहेको छ ।

यस महोत्सवको एक अन्य प्रमुख कार्यक्रम भनेको मिथिला बिहारी महाआरतीलाई लिइएको छ । महाआरती फागुन १४ गते बुधवार साँझ ७ बजे कचुरी मठमा आयोजना गरिने छ । यस भव्य आरतीमा हजारौं श्रद्धालु र भक्तजन उपस्थित हुने अपेक्षा छ ।

महाआरतीका अवसरमा समग्र मिथिला क्षेत्रभर एक विशेष धार्मिक उत्सवको माहौल हुनेछ। यस महाआरतीले न केवल श्रद्धालुहरूको आध्यात्मिक उन्नति हुनेछ, बरु यस क्षेत्रको सांस्कृतिक धरोहरलाई विश्वभर चिनाउने अवसर पनि प्राप्त हुने विश्वास लिइएको छ ।

कलश यात्रा फागुन १४ गते बुधवार बिहान ८ बजे आरम्भ हुने भएको छ भने महाआरती सोही साँझ ७ बजेदेखि हुने मिथिला बिहारी महाआरती संरक्षण समितिले जनाएको छ । त्यस्तै, डोला प्रस्थान फागुन १५ गते विहिवार बिहान ८ बजे मिथिला बिहारी नगरपालिका-८ कचुरी मठबाट गरिने छ ।

यस धार्मिक यात्रा र महाआरतीका अवसरमा नेपाल र भारतका भक्तजनहरू एकसाथ आउँदै धार्मिक सहकार्य र सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउन महत्वपूर्ण योगदान दिनेछन् । मिथिला बिहारी महाआरती र माध्यमिकी परिक्रमा एक ऐतिहासिक अवसरको रूपमा स्थानीयवासीहरुले लिएका छन् ।

# सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप मंगलबारदेखि




**टुडे समाचारदाता**

काठमाण्डु । सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत पाँचौं प्रतियोगिता सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप मंगलबारदेखि गोकर्ण गल्फ क्लबमा सुरु हुँदैछ।

चार दिन सम्म चल्ने ७२ होलको प्रतिस्पर्धामा ३० प्रोफेसनल र १० एमेच्योर गरी कुल ४० गल्फरले दाबेदारी प्रस्तुत गर्नेछन्। नेपाल नम्बर एक प्रोफेसनल गल्फर भुवन नगरकोटी सँगै यो सिजन उत्कृष्ट फर्ममा रहेका निरज तामाङ, रबि खड्का, दिनेश प्रजापति, जयराम श्रेष्ठ, धन थापा र सञ्जय लामालाई प्रमुख दाबेदारको रूपमा हेरिएको छ।

प्रो गल्फरहरूलाई नेपाल नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्य र राहुल विश्वकर्माले कडा चुनौती दिने संभावना रहेको छ। ३६ होलको समाप्तीमा कट लागु हुनेछ। शीर्ष २१ खेलाडीले बाँकी ३६ होलको लागि स्थान सुरक्षित गर्नेछन्।

प्रतियोगिताको कुल नगद पुरस्कार राशी ८ लाख ८२ हजार रुपैयाँ रहेको छ। विजेताले १ लाख ५० हजार, उपविजेताले १ लाख र तेस्रो हुने खेलाडीले ७५ हजार प्राप्त गर्नेछन्। शीर्ष २१ स्थान सम्म प्राप्त गर्ने प्रोफेसनल गल्फरले नगद पुरस्कार प्राप्त गर्ने नेपाल प्रोफेसनल गल्फ एसोसिएसन (एनपिजिए) का महासचिब दिपक आचार्यले बताए।

नेपाल प्रोफेसनल गल्फ एसोसिएसन एनपिजिएका अध्यक्ष रवीन्द्र मान श्रेष्ठले भने, “खेलको स्तर निरन्तर सुधार भइरहेको छ र यस वर्ष एमेच्योर तथा प्रोफेसनल दुवै खेलाडीको प्रदर्शन रोमाञ्चक रहेको छ। यस्तो कडा प्रतिस्पर्धा खेलको विकासका लागि निकै महत्वपूर्ण हुनेछ।” साथै, उनले खेलकुदको निरन्तर प्रायोजनका लागि सूर्य नेपाल प्रा. लि. प्रति आभार व्यक्त गरे ।

# नेपाल मेडिकल एण्ड ल्याब एक्स्पो बिहीबारदेखि हुँदै

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल मेडिकल एण्ड ल्याब एक्स्पो (८औँ संस्करण) - नेपालमा चिकित्सा तथा प्रयोगशाला क्षेत्रको सबैभन्दा ठूलो बिटुबी इभेन्ट बिहीबारदेखि सुरु हुने भएको छ ।

बिहीबारदेखि शनिबारसम्म (२७ फेब्रुअरी देखि १ मार्च) सम्म काठमाडौँको भृकुटीमण्डप प्रदर्शनी स्थलमा हुने सो प्रदर्शनीमा यस वर्ष, चिकित्सा तथा डायग्नोस्टिक क्षेत्रमा विश्वभरबाट नयाँ उत्पादनहरू र प्रविधिहरू ल्याइने बताइएको छ ।

नेपाल मेडिकल एण्ड ल्याब शो चिकित्सा, शल्यचिकित्सा, डायग्नोस्टिक तथा अनुसन्धान प्रयोगशालाको बजार केन्द्रको रूपमा निरन्तर विकसित भइरहेको छ ।




समर्पित चिकित्सा तथा प्रयोगशाला मञ्चको रूपमा, ल्ःक (ल्भउर्बा ःभमष्अर्बा क्जयध) चिकित्सा क्षेत्रका प्रमुख अस्पताल, चिकित्सक, प्याथोलोजिस्ट, वैज्ञानिक, डिलर, वितरक, आयातकर्ता, खुद्रा विक्रेता तथा अन्य खरिदकर्ता समूहहरूलाई जोड्ने एक विश्वसनीय अन्तर्राष्ट्रिय स्रोत केन्द्रको रूपमा स्थापित भएको छ ।

विशेष रूपमा चिकित्सा तथा डायग्नोस्टिक्स क्षेत्रका सबै विधाहरू समेट्ने रणनीतिक प्रदर्शनीको रूपमा, ल्ःक ले अन्तर ष्ट्रिय उत्पादनहरूको विस्तृत दायरा प्रस्तुत गरेको छ ।

उक्त एक्स्पोले भारत, नेपाल, बंगलादेश, सिंगापुर, मलेसिया, चीन, जर्मनी, पाकिस्तानलगायतका देशहरूबाट उच्च गुणस्तरका आपूर्तिकर्ताहरूलाई नेपालमा ल्याउनेछ, जसले नवीनतम डिजाइन, नवीनता तथा प्रविधि विकास प्रदर्शन गर्नेछन् । गत वर्ष, नेपाल मेडिकल एण्ड ल्याब एक्स्पोले नेपाल तथा अन्तर्राष्ट्रिय उद्योग, प्रदर्शक तथा आगन्तुकहरूबाट अत्यन्त सकारात्मक प्रतिक्रिया प्राप्त गरेको थियो ।

२०२४ को एक्स्पोमा ५ अन्तर्राष्ट्रिय देशहरू तथा नेपालभरका चिकित्सा समुदायहरू गरी ९ हजारभन्दाबढी आगन्तुकहरूले सहभागिता जनाएका थिए । १५ भन्दा बढी देशहरूबाट ५०० भन्दी बढी ब्रान्डहरू तथा उत्पादकहरूले सहभागिता जनाई नेपाल बजारका लागि आफ्नो उत्पादनहरूको व्यापक दायरा प्रदर्शन गरेका थिए ।

अन्तर्राष्ट्रिय तथा नेपाली आगन्तुकहरू प्रदर्शनीमा प्रस्तुत गरिएका उत्पादनहरू तथा प्रदर्शकहरूबाट सन्तुष्ट भएका थिए । त्यस इभेन्टले गुणस्तरीय व्यापार आगन्तुकहरूलाई आकर्षित गर्यो, जसले अन्तर्राष्ट्रिय तथा घरेलु आपूर्तिकर्ताहरूबाट प्रत्यक्ष रूपमा स्रोत प्राप्त गर्न सकेको थियो ।

“नेपालको निरन्तर बृद्धि भइरहेको बजार आकारका कारण, स्वास्थ्य सेवा क्षेत्रमा नेपाल पनि तीव्र गतिमा बढिरहेको बजार बनेको छ,” आयोजकद्वारा जारी विज्ञप्तिमा भनिएको छ, “नेपाल मेडिकल एण्ड ल्याब एक्स्पोले आफैंलाई यस्तो एकल उद्योग मञ्चको रूपमा स्थापित गरेको छ, जहाँ सम्पूर्ण उद्योग- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय- एकै ठाउँमा भेला भई आपसी सहकार्य, बजार जानकारी आदानप्रदान, नवीन विचार आदानप्रदान तथा व्यवसाय गर्न सक्छन् ।”

प्रमुख उद्योग व्यवसायीहरू यस एक्स्पोमा सहभागी भई गुणस्तरीय राष्ट्रिय तथा अन्तर ष्ट्रिय निर्णयकर्ताहरू भेट्न, तथा नयाँ भारतीय तथा अन्तर्राष्ट्रिय ग्राहकहरू प्राप्त गर्न जुट्नेछन् ।

नेपाली बजारमा नयाँ तथा नवीन चिकित्सा तथा प्रयोगशाला उत्पादनहरूको माग बढ्दै गएको छ, साथै नयाँ अस्पताल परियोजनाहरूको वृद्धि जस्ता कारणहरूले नेपाली बजारलाई सुदृढ बनाइरहेको छ । यस एक्स्पोलाई केमिकल एण्ड मेडिकल सप्लायर्स एसोसिएसन अफ नेपाल, इन्जिनियरिङ एक्सपोर्ट प्रमोसन काउन्सिल तथा एसडी प्रोमो मिडियाद्वारा सह-आयोजना गरिएको छ ।

साथै अन्य प्रमुख उद्योग व्यापार संस्थाहरूको सहयोग प्राप्त भएको छ । नेपाल मेडिकल एण्ड ल्याब एक्स्पो भारतीय तथा अन्तर्राष्ट्रिय उद्योगका लागि एक प्रतिष्ठित उद्योग मञ्चको रूपमा स्थापित भइसकेको छ, जसमा २०२५ को एक्स्पोमा सहभागी हुने अपेक्षा गरिएको छ ।

# गुजरा नपाद्वारा किसानलाई अनुदानमा धानको बीउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटको उत्तरीभेग गुजरा नगरपालिकाले किसानहरूको लागि अनुदानमा चैते धानको बीउ वितरण शुरु गरेको छ । मेयर सन्तलाल चौधरीको बिशेष पहलमा किसानहरूको सुविधाको लागि ५० प्रतिशत अनुदानमा चैते धानको बीउ वितरण सुरु गरिएको हो ।

गुजरा- २ स्थित कटानी टोलबाट कृषकलाई ५०% को अनुदानमा चैते धानको बिउ सुर्यचन्द्र कृषि सहकारी संस्थाद्वारा वितरण शुरु गरिएको छ । सोमबार सम्म ३५ किलो दरको ५० बोरा चैते धानको बीउ अनुदानमा वितरण गरिएको वडा २ का अध्यक्ष अशोक कुमार चौधरीले बताएका छन्। कृषि ज्ञान केन्द्र गौर रौतहट र गुजरा नगरपालिकाको सहयोग कुल १५० बोरा चैते धानको बीउ वितरण गर्ने प्रारम्भिक लक्ष्य रहेको र माग आएमा थपिन सकिने योजना रहेको अध्यक्ष चौधरीले जानकारी दिएका छन् ।

# टेलिटकद्वारा नेपालमा एचएमडी क्रेस्ट ५जी स्मार्टफोन सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । टेलिटक प्रालिले अत्याधुनिक एचएमडी क्रेस्ट ५जी (ज्ःम् ऋचभकत ५न्) स्मार्टफोन सार्वजनिक गरेको छ ।

५० मेगापिक्सलको सेल्फी क्यामरा, ५० मेगापिक्सलको डुअल रियर क्यामरा तथा अत्याधुनिक एआई फिचरहरुसहितको यो डिभाइसले स्टाइलिश डिजाइन र सहज मर्मतको विशेषतासहित स्मार्टफोन फोटोग्राफीको क्षेत्रमा नयाँ मानक स्थापना गरेको कम्पनीको भनाइ छ।

एचएमडी क्रेस्ट ५जीको अनावरणले नेपाली स्मार्टफोन बजारमा इनोभेशनप्रतिको प्रतिबद्धता, दिगोपना तथा उच्चतम यूजर एक्सपेरियन्ससहितको कम्पनीको विरासतलाई दर्शाएको कम्पनीले जानकारी दिएको छ ।कम्पनीका अनुसार स्पस्ट डिटेल तथा तुरुन्तै शेयर गर्न सकिने नतिजायुक्त फोटो खिच्न सक्ने ५० मेगापिक्सेलको प्रभावशाली सेल्फी क्यामेरायुक्त एचएमडी क्रेस्ट ५जीले स्मार्टफोन फोटोग्राफीमा नयाँ मानक स्थापित गर्दछ।

प्रयोगकर्ताको अद्वितीय विशेषताहरुलाई प्रतिनिधित्व गर्ने, प्राकृतिक देखिने सेल्फी खिच्न सक्षम बनाउने हेतुले अप्ठेरा सेल्फी क्षणहरुका लागि हातको इशाराले चलाउन मिल्ने ह्याण्ड्स फ्री सेल्फी तथा टोन कन्ट्रोल र ब्युटिफाईजस्ता फिचरसहित सेल्फी क्यामराको सफ्टवेयर अनुभवलाई विशेष किसिमले उन्नत बनाइएको छ ।

यसबाहेक, आफैंले खिच्ने पोर्ट्रेट फोटोलाई अति आकर्षक बनाउन यो स्मार्टफोनमा स्लो मोशन मोड तथा एआई सुपर पोर्ट्रेट मोड समावेश गरिएको कम्पनीले जनाएको छ ।

एक्शन शटहरुका लागि यसमा भएको फ्ल्याश शटले चलायमान वस्तुहरुको फोटो सहजरुपमा लिन तथा ट्राइपड मोडले लामो एक्सपोजर आवश्यक पर्ने दृश्यहरुको मनमोहक फोटोग्राफीका लागि सघाउँछन् ।


## माइग्रेशन हरायो

मेरो Diploma in Civil Engineering को माइग्रेशन पुलचौकबाट पिपरी चौक जाने क्रममा २०८१।०६।१६ गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : मुकेश कुमार शर्मा**
**रोल नं :** ५१०२२
**रजिष्ट्रेशन नं :** ३-१-४५-२२-२०१२
**ठेगाना :** शहिदनगर न.पा. वार्ड नं १, धनुषा
**फोन नं :** ९८०४८१३५४४



## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिन राम्रो छ। आफ्ना मान्छेको साथ मिल्नेछ। उपचारमा भए स्वास्थ्य लाभ गर्ने दिन छ।
वृष : तपाईंको मनमा शान्ति मिल्नेछ।
मिथुन : सञ्चित धन खर्च हुनेछ। खर्च कटौती गर्नु राम्रो हुनेछ।
कर्कट : खराब बोलीले साथी टाढा हुनेछन्।
सिंह : दिन सहज छ। लगानीका क्षेत्रमा उत्साह बढ्नेछ। परिवारमा भने खटपटी हुने जोखिम छ।
कन्या : दिन राम्रो छ। देशको भन्दा विदेशको रमझमले मन तान्नेछ। लगानी गर्न हिम्मत गर्नुपर्ने दिन छ।
तुला : आज तपाईंका आफन्त टाढिने जोखिम छ। बोल्दा सचेत बन्नु राम्रो हुनेछ।
वृश्चिक : दिन सहज छ। आफन्तले साथ दिनेछन्। आम्दानीको स्रोत बलियो छ।
धनु : दिन राम्रो छ। तपाईंको बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्नेछ। परोपकार गर्नु उचित हुनेछ।
मकर : सञ्चित धन खर्च हुनसक्छ।
कुम्भ : शुभग्रहको बहुमत छ। सोचेका काम बन्नेछन्। बिहान शिवको दर्शन गर्नाले दिन सहज बन्नेछ।
मीन : साथीभाइबाट असहयोग हुनसक्छ। थोरै बोलेर अगाडि बढ्नु फाइदा हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |


## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सर्लाहीमा सधैँ रेबिजको भ्याक्सिन अभाव




बरहथवा । यहाँको बरहथवा नगरपालिका-१४, हरिपुर्वाका १४ वर्षीय मुकेश बैठालाई यही फागुन १ गते छाडा कुकुरले टोक्यो । एक्कासि कुकुरले टोकेपछि उहाँ तत्काल बरहथवा नगर अस्पताल पुग्नुभयो । तर, अस्पतालले भ्याक्सिन नहुँदा उहाँलाई फर्कायो ।

त्यसपछि मुकेशलाई निजी क्लिनिकमा लगियो । क्लिनिकमा रु छ सय ५० तिरेर भ्याक्सिन लगाउनुभयो । तीन-तीन दिनको अन्तरमा तीन मात्रा भ्याक्सिन लगाउनुपर्ने मुकेश दोस्रो मात्राका लागि नगर अस्पताल पुग्नुभयो । तर, चिकित्सकले औषधि अझै नआएको भनेर फर्काए । फेरी निजी क्लिनिकबाटै दोस्रो मात्रा लगाउनुभयो । बैठाले अन्तिम मात्रा भने नगर अस्पतालबाटै लगाउनु पाउनुभयो ।

शुक्रबार अस्पताल परिसरमा भेटिनुभएका उहाँले नेता र अस्पतालका चिकित्सकसँग हार गुहार गरेपछि एक मात्रा भ्याक्सिन पाएको बताउनुभयो । अस्पतालले रु दुई सय लिने भ्याक्सिन बाहिर रु छ सय ५० तिर्नु पर्दा महँगो परेको उहाँले बताउनुभयो ।

"गाउँका मान्छेले झन्झट मानेर रेबिजको भ्याक्सिन लगाउँदैनन् । अस्पतालमा सधैँ छैन् भनेर फर्काउछन् । बाहिर किनेर लगाउन सबैसँग पैसा हुँदैन । यहाँ दिनदिनै कुकुर, स्याल, बाँदर, बिरालोलगायतका जनावरले टोकिरहेको हुन्छ", उहाँले भन्नुभयो ।

चिकित्सकले दश दिनसम्म टोक्ने जनावरको निगरानी गर्न भनेर पठाउने गर्दा धेरै जनाले भ्याक्सिन लगाउन नपाएको स्थानीय रामनरेश रायको अनुभव छ । "कुकुर, स्यालजस्ता जनावरले खेतमा काम गर्दै गर्दा, बाटो हिँड्दा हिँड्दै टोकेर भाग्छ", उहाँले भन्नुभयो, "त्यस्ता जनावरको निगरानी कसरी गर्नु ?" राज्यले भ्याक्सिन पर्याप्त नदिँदा विपन्न स्थानीय मारमा परेको उहाँको भनाइ छ ।

बैठाझैँ गोडैता नगरपालिका-५, सिसौटियानिवासी ४५ वर्षकी जोगनी देवीलाई यही फागुन ३ गते खेतैमा स्यालले टोक्यो । दायाँ खुट्टामा चोट लाग्ने गरी स्यालले टोकेपछि उहाँलाई परिवारले तत्काल प्राथमिक स्वास्थ्य केन्द्र गोडैता पु-याए । तर, उहाँले स्वास्थ्य केन्द्रमा भ्याक्सिन पाउनु भएन । चिकित्सकले १० दिनसम्म टोक्ने जनावरको निगरानी गर्नु र मर्यो भने सुई लगाउन आउनु भन्दै फर्काइदिए ।

त्यसपछि उहाँ लालबन्दी नगरपालिकाको एक निजि क्लिनिकमा पुगेर भ्याक्सिन लगाउनुभयो ।

प्राथमिक स्वास्थ्य केन्द्र बलरामा आएको औषधि १५ दिनमै सकिएकोले भ्याक्सिन लगाउन अन्तै पठाएको स्वास्थ्य केन्द्रका इन्चार्ज नितेशकुमार कुशवाहले जानकारी दिनुभयो । भ्याक्सिन जम्मा ४० भाइल मात्र आउने गरेको उहाँले बताउनुभयो । भ्याक्सिन सकिएपछि अधिकांश स्वास्थ्य संस्थाहरूले बिरामीलाई अन्यत्र पठाउने गरेका छन् ।

जिल्लामा सधैँ रेबिज विरुद्धको भ्याक्सिन अभाव हुने गरेको छ । सरकारी स्वास्थ्य संस्थामा कोटाअनुसार आउने रेबिज विरुद्धको भ्याक्सिन अभाव भएपछि निजी क्लिनिकबाट महङ्गोमा किनेर लगाउनुपर्ने बाध्यता छ । जिल्लामा प्रादेशिक अस्पताल मलङ्गवा, नगर अस्पताल लालबन्दी, ईश्वरपुर, बरहथवा प्राथमिक स्वास्थ्य केन्द्र हरिवन, बलरामा रेबिज विरुद्धको भ्याक्सिन लगाउने गरिएको छ । तर, ती केन्द्रमा आएका औषधि एक हप्तादेखि १५ दिनमै सकिने गरेको संस्थाका स्वास्थ्यकर्मीको गुनासो छ ।

तीन सय भाइल भ्याक्सिनको कोटा भएपनि कहिले महिना दिन, त कहिले १५ दिनलाई पनि नपुग्ने प्रादेशिक अस्पताल मलङ्गवाका प्रमुख डा नवलकिशोर झाले जानकारी दिनुभयो ।

औषधि सकिने बित्तिकै माग फारम भरेर पठाउने गरेपनि ल्याउन समय लाग्ने हुँदा कहिलेकाँही १५-२० दिनसम्म भ्याक्सिन अभाव हुने डा झा बताउनुहुन्छ । चिकित्सकीय अभ्यासमा टोकेको जनावरको १० दिनसम्म निगरानी गरेर मरे वा बहुलाए मात्र औषधि लगाउनुपर्ने भएपनि बिमारी जनावर भाग्यो भनेर आउने गर्दा भ्याक्सिन लगाउनै पर्ने दवाब हुने उहाँले बताउनुभयो ।

भ्याक्सिनको कोटा कम हुँदा अभाव हुने गरेको बरहथवा नगर अस्पताल प्रमुख नागेन्द्र साहले बताउनुभयो । पहिला धेरै कोटा भएपनि मधेश प्रदेश मातहतमा आएपछि महिनामा ६० भाइल मात्र प्राप्त हुने गरेको उहाँले बताउनुभयो ।

प्राप्त भ्याक्सिन एक हप्तामै सकिने उहाँको भनाइ छ ।

गत माघमा प्राप्त ४० भाइल भ्याक्सिन १० दिनमै सकिएको हरिवन नगरपालिका स्वास्थ्य शाखाका संयोजक रामबाबु चौधरीले बताउनुभयो । फागुन महिनाको लागि आउँदो २० गते औषधि प्राप्त गर्ने तालिका रहेको उहाँले जानकारी दिनुभयो । अहिले अस्पतालमा रेबिज विरुद्ध भ्याक्सिन लगाउन आउनेलाई अन्यत्र पठाउने गरेको उहाँले स्वीकार्नुभयो ।

हाल जिल्लामा मासिक छ सय भाइल बराबर रेबिजको भ्याक्सिन प्राप्त हुने गरेको छ । यो आवश्यकताको एक तिहाइ मात्रा मात्र भएको स्वाथ्यकर्मी बताउँछन् । आवश्यकताको आधारमा कम मात्रामा भ्याक्सिन आउने भएकाले लक्षितवर्ग जोखिममा परेको नागरिक समाजका अगुवा शिवचन्द्र चौधरीले बताउनुभयो ।रासस

# वन मुद्दा फछ्र्यौटमा समस्या




वीरगञ्ज । पर्सा जिल्लामा वनपैदावर तथा वन्यजन्तुसँग सम्बन्धित दुई सय २२ मुद्दा वन ऐन २०७६ सँग दुबिधा भएकाले फछ्र्यौट हुन सकेको छैन । जिल्लामा आव २०८०/८१ सम्म दुई सय दुई वन मुद्दा दर्ता भएका छन् भने चालु आर्थिक वर्ष २०८१/८२ मा थप २० वन मुद्दा थपिएका छन् ।

वन ऐन २०७६ को दफा ६७ मा यस ऐन अन्तर्गत दुई लाखसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै समाज हुने मुद्दा सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन् भन्ने व्यवस्था छ । तर,अहिले डिभिजनल वन अधिकृत भने प्रदेश सरकार मातहतका छन् । यसको कारणले पनि जिल्लामा दर्ता भएका वन मुद्दा फछ्र्यौट गर्न कानुनी अड्चन देखिएको हो ।

डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले वन मुद्दासँग टुङ्गो लगाउनको लागि दुविधा कायम भएकाले पनि मुद्दा फछ्र्यौट गर्न समस्या भएको बताउनुभयो । " वन ऐन २०७६ को दफा ६७ मा यस ऐन अन्तर्गत रु दुई लाखसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै समाज हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन भन्ने व्यवस्था छ," उहाँले भन्नुभयो,"अहिले डिभिजनल वन अधिकृत प्रदेश सरकार मातहतको रहेको छ । तर, कानुनी व्यवस्थामा सङ्घीय डिभिजन वन अधिकृतले गर्ने भन्ने व्यवस्थाको कारणले पनि वन मुद्दालाई किनारा लगाउनका लागि ठाउँपिच्छे नै फरक-फरक रहेको छ । कतै प्रदेशका डिभिजन वन अधिकृतले मुद्दाको किनारा लगाउँदै आइरहनुभएको छ । त कतै पनि सो मुद्दा किनारा लगाउन समस्या भइरहेको छ ।"

डिभिजनल वन अधिकृत अहमदले पर्सा जिल्लामा देखिएको समस्याको विषयमा सरकारी वकिलको कार्यालय पर्सामासमेत जानकारी गराइसकेको जानकारी दिनुभयो ।"पर्साको सरकारी वकिलको कार्यालयले वनसँग सम्बन्धित मुद्दा डिभिजन वन कार्यालयले नभइ अदालतको क्षेत्राधिकारभित्र पर्ने बताइएको छ" उहाँले भन्नुभयो,"कानुनी रुपमा हामीले अघि बढाउन पाएको खण्डमा वन मुद्दाको विषयमा थुनछेक बहस गरेर आदेश पनि गर्ने थियौँ ।" डिभिजनल वन अधिकृतलाई वन मुद्दासँगसम्बन्धी बहस र थुनछेक गर्नका लागि अर्धन्यायिक अधिकार पनि दिइएको छ ।

वन ऐन,२०७६ को दफा ६२ मा ऐन बमोजिम एक वर्षसम्म कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्रदेश सरकारको कर्मचारीले गर्ने व्यवस्था उल्लेख छ ।

ऐनमा भनिएको छ "यस ऐन बमोजिम एक वर्षभन्दा बढी कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको नेपाल सरकारको कर्मचारीले गर्नेछ ।"रासस

> डिभिजनल वन अधिकृत अहमदले पर्सा जिल्लामा देखिएको समस्याको विषयमा सरकारी वकिलको कार्यालय पर्सामासमेत जानकारी गराइसकेको जानकारी दिनुभयो ।"पर्साको सरकारी वकिलको कार्यालयले वनसँग सम्बन्धित मुद्दा डिभिजन वन कार्यालयले नभइ अदालतको क्षेत्राधिकारभित्र पर्ने बताइएको छ" उहाँले भन्नुभयो,""कानुनी रुपमा हामीले अघि बढाउन पाएको खण्डमा वन मुद्दाको विषयमा थुनछेक बहस गरेर आदेश पनि गर्ने थियौँ ।

## नेपाली श्रमिकलाई सचेतना अभिवृद्धि गराउँदै दूतावास

काठमाण्डु । सरकारले श्रम-सुशासनका क्षेत्रमा लागू गरेका नीतिगत, कानूनी तथा प्रक्रियागत विषयमा यूएईको राजधानी अबुधावीस्थित नेपाली दूतावासले श्रमिकलाई सचेतना अभिवृद्धि गराएको छ ।

सामाजिक सुरक्षा कोषमा श्रमिकको आवद्धता, सोको प्रक्रिया, नेपाली राजदूतावास अबुधाबी, नेपाली समाज युएई र गैरआवासीय नेपाली सङ्घ, एनसीसी युएईलगायतका सङ्घ-संस्थाको सहयोगमा उक्त अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको हो ।

अबुधावीदेखि तीन सय किलोमिटर पूर्वमा रहेको उजारेखमा घुम्ति शिविरमार्फत श्रमिक सचेतना तथा राहदानी एवं कन्सुलर कार्यक्रम सञ्चालन गरिएको दूतावासले जनाएको छ । सो शिविरमा तीन सयभन्दा बढी नेपालीलाई नेपाल तथा युएईका विद्यमान श्रम कानूनका विषयमा अद्यावधिक जानकारी गराइएको थियो ।

कार्यक्रममा औपचारिक माध्यमबाट विप्रेषण पठाउँदा प्राप्त हुने फाइदा, नेपाली राजदूतावास, युएईबाटनै पुनः श्रम स्वीकृति उपलब्ध गराउने सम्बन्धी व्यवस्था र वित्तीय साक्षरतालगायतका विविध विषयमा सचेतनामूलक जानकारी प्रदान गरिएको थियो । रासस

# आर्थिक विकासका लागि 'डिजिटल गभर्नेन्स' जरुरी




काठमाण्डु।सरोकारवालाहरुले मुलुकको आर्थिक विकासका लागि डिजिटल गभर्नेन्स जरुरी रहेको बताएका छन् । आइतबार साँझ यहाँ आयोजित 'टेकगभ नेपाल, २०२५' कार्यक्रममा जानकारहरुले डिजिटल गभर्नेन्स आर्थिक विकास, सुशासन, प्रभावकारी सेवा प्रवाहका साथै सामाजिक समावेशीकरणका लागि हुनुपर्नेमा जोड दिए ।

सूचनाप्रविधि विज्ञ मनोहर भट्टराईले मुलुकको विकासमा डिजिटल गभर्नेन्स जरुरी भएको उल्लेख गर्दै यसले आर्थिक विकासमा सहयोग पुग्नुपर्नेमा जोड दिनुभयो । "डिजिटल गभर्नेन्स मात्रै भनेर हुँदैन, यसले आर्थिक विकासमा सहयोग गर्नुपर्छ, यसमार्फत रोजगारी सृजना हुनुपर्छ, कृषि तथा पर्यटनलगायतका क्षेत्रको विकासमा नयाँपन दिन सक्नुपर्छ", उहाँले भन्नुभयो । साथै शिक्षा र स्वास्थ्यलगायतका आधार भूत क्षेत्रमा सबैको पहुँच स्थापित गर्दै सामाजिक समावेशीकरणमा पनि यसले सहयोग गर्ने उहाँले उल्लेख गर्नुभयो ।

डिजिटल गभर्नेन्सको पूर्ण कार्यान्वयनका लागि बृहत नीति निर्माणदेखि त्यसको कार्यान्वयनमा राजनीतिक तहबाटै बलियो प्रतिबद्धता आवश्यक रहेको उहाँको भनाइ थियो । "डिजिटल गभर्नेन्सको आवश्यक महसुस भएर मात्रै हुँदैन, राजनीतिक नेतृत्वको प्रतिबद्धता चाहिन्छ र यो नीति निर्माणदेखि बजेटमा समेत देखिनुपर्छ, यसको कार्यान्वयनका लागि स्पष्ट खाका आवश्यक हुन्छ", उहाँले भन्नुभयो ।

ई-गभर्नेन्स बोर्डका प्रमुख कार्यकारी अधिकृत दिपेश बिस्टले डिजिटल गभर्नेन्स राजनीतिक मुद्दा भएको बताउनुभयो । उहाँले डिजिटल गभर्नेन्स सुशासनका साथै आर्थिक विकाससँग सम्बन्धित भएकाले यसको कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता जरुरी भएको उल्लेख गर्नुभयो ।

"जब डाटा दौडन थाल्छ, सेवाग्राहीहरु कम दौडिए पनि पुग्छ, एउटै सेवा लिनका लागि पटक पटक डाटा बुझाउनुपर्ने बाध्यता हट्नुका साथै कम समयमा प्रभावकारी सेवा प्रवाह गर्न सकिन्छ", उहाँले भन्नुभयो । उहाँले यसका लागि डाटा एक्सचेञ्ज प्लेटफर्म जरुरी रहेको बताउनुभयो । उहाँले इस्टोनियालगायतका मुलुकहरुले डिजिटल रुपान्तरणमार्फत मुलुकको आर्थिक विकासमा पुऱ्याएको योगदानको चर्चा गर्दै नेपालमा पनि त्यो सम्भव भएको बताउनुभयो ।

सूचना प्रविधिसँग सम्बन्धित कानुनका जानकार प्रवीन सुवेदीले वैदेशिक रोजगारीमा जानेलाई ई गभर्नेन्सबारे जानकारी आवश्यक रहेको बताउनुभयो । "वैदेशिक रोजगार विभागले विद्युतीय शासनमार्फत वैदेशिक रोजगारीमा जानेहरुलाई लक्षित गरी विभिन्न प्रकारका सेवा प्रवाह गरिरहेको छ, त्यसैले उनीहरुले यसबारे राम्रोसँग जानकारी राख्न आवश्यक छ", उहाँले भन्नुभयो ।

ई-गभर्नेन्स बोर्डका इन्जिनियर केदार भण्डारीले डिजिटल गभर्नेन्सबारे चर्चा गर्दै बोर्डका उपलब्धिबारे जानकारी गराउनुभएको थियो । उहाँले हाल विद्युतीय सुशासनको मार्गचित्रका रुपमा ब्लुप्रिन्ट तयार भइसकेको र हाल यो छलफलका चरणमा रहेको बताउनुभयो ।

**सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण**

सोही अवसरमा आयोजित समूहगत छलफलका क्रममा वक्ताहरुले डिजिटल गभर्नेन्सको विकास र कार्यान्वयनमा सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । सूचना प्रविधि विभागका महानिर्देशक रमेश शर्मा पौड्यालले सरकारले सुरुआतगरेकाडिजिटलगभर्नेन्सलगायतका सेवाबारे तल्लो तहसम्म जानकारी दिने माध्यम सञ्चारमाध्यम भएकाले उनीहरुको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । "सरकारले आफ्ना सबै सेवाहरु सञ्चारमाध्यममार्फत नागरिकमाझ पुर्याउने हो, सञ्चारमाध्यमले सरल र सहज भाषामा सेवाबारे जानकारी दिनु कर्तव्य पनि हो", उहाँले भन्नुभयो ।

उहाँले डिजिटल गभर्नेन्समा सरकार, व्यवसाय र नागरिक एकापसमा आबद्ध गराउन सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो । नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले डिजिटल गभर्नेन्सबारे जानकारी दिने काम सञ्चारमाध्यमको भएको उल्लेख गर्दै सञ्चारकर्मीहरुले यसबारेमा जानकारी राख्नुपर्नेमा जोड दिनुभयो । "पत्रकार आफैँ पनि यसबारेमा जानकार हुनुपर्छ, कतिपय अवस्थामा सञ्चारकर्मीहरुलाई अभिमुखिकरण जरुरी हुन्छ", उहाँले भन्नुभयो ।

वरिष्ठ पत्रकार बबिता बस्नेतले डिटिजल गभर्नेन्स कायम गर्नका लागि डिजिटल साक्षरता बलियो हुनुपर्नेमा जोड दिनुभयो । उहाँले लोकतन्त्रको सुदृढीकरण र शासकीय व्यवस्थालाई प्रभावकारी बनाउन पनि डिजिटल गभर्नेन्स आवश्यक छ भन्नुभयो ।रासस


**जनकनन्दिनी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**खजुरी, धनुषा**

## सेवा करार पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मितिः- २०८१/११/१२ गते)**


यस जनकनन्दिनी गाउँपालिकामा गठित पदपूर्ति समितिको मिति २०८१/११/११ गतेको निर्णयानुसार यस जनकनन्दिनी गाउँपालिका खजुरी, धनुषामा संचालित वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको लागि पुनः एकिकरण परियोजना (रेमी परियोजना) तर्फ रिक्त रहेको रोजगार परामर्शकर्ता छैठौं तहको लागि वैदेशिक रोजगारीबाट फर्किएका पुनः एकिकरण परियोजना संचालन मार्गदर्शन, २०७९ बमोजिम यस गाउँपालिकाको देहाय अनुसारका पदमा कर्मचारीहरुको करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आवश्यक कागजात सहित तोकिएको ढाँचामा यस गाउँपालिकामा दरखास्त पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

| वि.नं. | सेवा | समूह | पद | श्रेणी/तह | आवश्यक माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता | परिक्षा दस्तुर | कार्यक्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| ०१/२०८१/०८२ | विविध | विविध | रोजगार परामर्शकर्ता | अधिकृत छैठौ | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उतिर्ण गरि व्यवसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको । | रु. १००० | जनकनन्दिनी गाउँपालिका खजुरी, धनुषा |

१. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-
क. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
ख. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र बसाईसराई तथा विवाह दर्ताको प्रतिलिपि
ग. तोकिएको अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
घ. वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ ।
ङ. आवेदन शूल्क तिरेको सक्कल भौचर वा नगदी रसिद (जनकनन्दिनी गाउँपालिकाको नाउँमा कृषि विकास बैंकको खाता नं. १००५५०१६९१६४६०१० मा शूल्क तिरेको सक्कलै भौचर)
२. उमेरः १८ वर्ष पुरा भै ३५ वर्ष ननाघेको ।
३. करार अवधिः रेमि परियोजना संचालन कार्यविधी अनुरुप हुनेछ ।
४. छनौटका आधारहरुः लिखित र अन्तरवार्ता ।
५. सेवा शर्त र सुविधाः रेमि परियोजना संचालन कार्यविधी अनुरुप हुनेछ ।
६. दरखास्त दिने अन्तिम मितिः २०८१/११/१८ गते कार्यालय समय भित्र ।
७. स्थानीयलाई विषेश प्राथमिकता दिइने छ ।
८. अन्तिम दिन विदा परेको खण्डमा उक्त दिनको भोली पल्ट सम्म दरखास्त फारम भर्न पाईने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

## पठनपाठनको वातावरण बनाउ

भारतको ओडिसा राज्यको राजधानी भुवनेश्वरस्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) विश्वविद्यालयमा नेपाली विद्यार्थीहरुलाई गरिएको अपमान र दमनको विरोधमा सशक्त रुपमा आवाज उठिरहेको छ । प्रकृति लम्सालको शंकास्पद मृत्यु र त्यसपछि नेपाली विद्यार्थीमाथि गरिएको दमनको विरोधमा सडकदेखि सदनसम्म प्रदर्शन र आवाज उठिरहेको छ। प्रारम्भमा ओडिसा प्रहरीले केआईआईटीको दमनलाई नै सहयोग गरे पनि हाल घटनामा संलग्न करिब १० जनामाथि मुद्दा चलाइएको छ । प्रकृतिलाई आत्महत्याका लागि दुरुत्साहन गर्ने प्रहरी हिरासतमा छन् । भारतीय सांसद, सञ्चारकर्मी, विद्यार्थीहरुले भारतलाई नै लज्जित बनाउने केआईआईटी विश्वविद्यालयका दोषी संस्थापक, प्राध्यापक, प्राध्यापकलाई पक्राउ गरी कारबाही गर्न माग गरिरहेका छन् । नेपाली विद्यार्थीहरु भारत र नेपालबीचको सम्बन्धलाई बलियो बनाउने आधार रहेको उनीहरुले बताएका छन् । घटना अनुसन्धान र न्यायको माग गर्दै राजनीतिक दल, विभिन्न संगठन, मिडिया र नागरिक तहले आवाज उठाइरहेका छन् । ओडिसा राज्य सरकार सकृय भएको छ । भारत सरकारले पनि दोषीहरु उपर कारबाही भइरहेको जनाएको छ। तर पनि नेपाली विद्यार्थीहरु आफ्नो सुरक्षाप्रति विश्वस्त हुन सकिरहेका छैनन् । नेपाली विद्यार्थीहरुलाई फर्कन विश्वविद्यालय र राज्य सरकारले आग्रह गरिरहेका छन् । तर अझै नेपाली विद्यार्थीहरु होस्टेलबाट बाहिरिने क्रम रोकिएको छैन । नेपाली विद्यार्थीहरु त्रसित देखिएका छन् । उनीहरु भयभित छन् । राज्य सरकार र प्रहरीले दोषीहरुलाई नियन्त्रणमा लिएर कारवाही प्रकृया अगाडि बढाएसँगै नेपाली विद्यार्थीहरुमा देखिएको भयलाई हटाउन पहल गर्नुपर्छ । नेपाली विद्यार्थीका अभिभावक, नेपाल सरकार, भारत सरकार र ओडिसा राज्स सरकारले पठनपाठनको सुरक्षित र अनुकूल वातावरण बनाउन आवश्यक छ । सयौं विद्यार्थीहरुको भविष्य बिग्रिन नदिन सरोकारबला पक्षहरुबीच समन्वय र सहकार्य आवश्यक छ । विद्यार्थीहरुले विश्वविद्यालयमा पठनपाठनका लागि सुरक्षित वातावरण बनेको सुनिश्चित हुनुपर्छ । नेपाली विद्यार्थी र नेपालबारे विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक र कर्मचारीहरुले गरेको टिप्पणी अर्मादित र निन्दनीय रहेको छ । उच्चशिक्षा प्रदान गर्ने विश्वविद्यालयका जिम्मेवार पदाधिकारी, प्राध्यापकहरु अशिष्ट हुन् । उनीहरुको कारण भारतीय विश्वविद्यालयहरुमा अध्ययन गर्ने नेपाली विद्यार्थी र अभिभावकहरुको धारणा खराब भएको छ । केआईआईटीमा अध्ययनरत विद्यार्थीहरुको भविष्यलाई सुरक्षित गर्न पठनपाठनको लागि उपयुक्त वातावरण बनाइनु पर्छ । कानुनी प्रकृया ओडिसा सरकार र त्यहाँको प्रहरीले निरन्तरता दिनुपर्छ ।विश्वविद्यालयमा सरकारी स्तरबाट विशेष निगरानी गरिनु पर्छ । घर फर्किसकेका नेपाली विद्यार्थीहरुलाई विश्वविद्यालयले सुरक्षाको ग्यारेन्टी र अध्ययनको उपयुक्त वातावरण बनाएको विश्वास दिलाउन आवश्यक छ ।उनीहरु धेरै दिन पठनपाठन छाड्न ठिक हुँदैन । कारबाहीका साथै पढाइको वातावरण बनाउन सरोकारवालाहरुले ठोस पहल गर्नुपर्छ ।

# फागुन महिना : राजनीतिक महिना



रोशन जनकपुरी

नेपाली राजनीतिमा फागुन महिना राजनीतिक महिना झैं लाग्छ मलाई । फागुन १ गते नेकपा (माओवादी)को नेतृत्वमा दशवर्षे जनयुद्ध शुरु भएको थियो, फागुन ७ गते प्रजातन्त्र दिवस, र फागुन १४देखी २१गतेसम्म माओवादीहरुले शहिद सप्ताह मनाउने गर्छन् ।

फागुन १ गते, वि.स.२०५२ सालमा माओवादीहरुले दसवर्षे जनयुद्धको शुरुआत गरेका थिए, जो नेपालमा राजतन्त्रको पूर्ण समाप्तिको निर्णायक कारण बन्यो । हुन त राजतन्त्रको समाप्तिको प्रत्यक्ष कारणमा नेका र एमाले लगायत ७वटा संसदीय राजनीतिक दल बिचको सम्झौता, यसै समझदारीको आधारमा सात दलले माओवादी समर्थनमा चलाएको संयुक्त जनआन्दोलन थियो, जस्का सामू तत्कालीन राजा ज्ञानेन्द्रले घुँडा टेकेका थिए । तर दसवर्षको जनयुद्धमा माओवादी कम्युनिस्टहरुको राजनीतिक र फौजी आक्रमणमा तत्कालीन राजतन्त्रको आधार भूमि कमजोर हुन गएकोले, अन्तर्राष्ट्रियशक्तिहरुले नेपालमा माओवादीको बढदो फौजीशक्ति तथा सामाजिक राजनीतिक प्रभावलाई अब सत्ता कब्जा गर्नबाट रोक्न नसकिने समयमै बुझे । त्यसैले संसदीय लोकतान्त्रिक दलहरुलाई गणतन्त्रको एजेन्डा स्वीकारेर माओवादीहरुसँग सम्झौता गर्न उनीहरुले दबाब दिए । सम्पूर्ण राजनीतिक अधिकार माथी कब्जा गरेर निरंकुश शैलीमा शासन गर्न खोजी रहेको तत्कालीन राजा ज्ञानेन्द्रबाट सत्ता र संसदबाट लखेटिएका संसदीय राजनीतिक दलहरु सँग अन्य विकल्पपनि थिएन । यसै आधारमा राजतन्त्रको सबै रुपको समाप्ति तथा नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने बुँदामा सात संसदिय राजनीतिक दल तथा माओवादीहरु बीच सम्झौता भयो । सम्झौता अनुसार माओवादीले ग्रामीण क्षेत्रमा आफ्नो फौजी आक्रमण तिव्र पाऱ्यो र संसदिय राजनीतिक दलहरुले राजधानी, जिल्ला सदर मुकाम तथा शहरी क्षेत्रमा संयुक्त जनआन्दोलन शुरु गऱ्यो । शुरुमा सामान्य झैं देखिएको, तर माओवादीले विज्ञप्ति निकालेर समर्थन गरेपछि यस संयुक्त जनआन्दोलनमा ग्रामीण क्षेत्र समेतबाट जनसहभागिता बढदै गयो । दुईतर्फी आक्रमणको चपेटामा परेको राजा ज्ञानेन्द्रको सत्ताले बाध्यात्मक अवस्थामा अन्ततः घुँडा टेकेको थियो ।

माओवादीहरु जनयुद्ध जितेर सत्तामा कब्जा गर्न सफल भए भने तत्कालीन राजा ज्ञानेन्द्रले विगतमा गरेका अपराधहरु तथा जनयुद्ध र जनआन्दोलनहरु गरेको दमनको निम्ति उनले कठघडामा उभिनु पर्थ्यो, दण्डको भागी हुने सम्भावना हुन्थ्यो । सम्भव छ, यसै कारण उनले नेका र एमाले लगायत जनआन्दोलनकारी संसदिय राजनीतिक दलहरुसग सम्झौता गरेर गद्दी त्याग गर्न सहमत भए । यस सम्झौतामा उनले देशमा आम नेपाली नागरिक सरह बस्ने स्पेस (मौका) थियो । हुनपनि दोस्रो सम्विधान सभाले जुनखाले सम्विधान बनायो, त्यसले उनलाई मात्रै होइन राजतन्त्रपक्षधर दक्षिणपन्थीशक्तिहरुलाई समेत राजनीति गर्ने मौका दियो । र सम्विधानमा उदार लोकतन्त्रको यसै दक्षिणपन्थी कुनामा राजतन्त्रवादी दक्षिणपन्थीशक्तिहरुले देखादेखी चलखेल गरिरहेको देखेर पूर्वराजा ज्ञानेन्द्र शाहलाई आफ्नो गुमेको पुर्ख्यौली राजतन्त्र नामक स्वर्ग फेरी फर्किने आशा पलाउने गर्छ, पटक पटक उनी विज्ञप्ति मार्फत आफ्नो उपस्थिति देखाउने प्रयत्न गरिरहन्छन् । प्रायः फागुन ७ गते प्रजातन्त्र दिवसको दिन त उनले यस्तो विज्ञप्ति अनिवार्यतः प्रकाशित गर्ने गर्छन् । यद्यपि यी विज्ञप्तिहरु उनको निम्ति 'ते हि नो दिवसा गताः' (हाय, कस्ता दिनहरु थिए ती) जस्तो गुमेको शाही स्वर्ग सम्झेर बिलौना गरे सरह नै हो ।

फागनु ७ गते, वि.स. २००७सालमा नेपाली काँग्रेसको नेतृत्वमा भएको जनआन्दोलन मुक्तिसेना (नेकाकै नेतृत्वमा गठित)को फौजी आक्रमणको बलमा १०४वर्षे राणाशाही निरंकुश जहानियाँ शासनबाट मुक्ति प्राप्त भएको थियो । छिमेकी भारतीय कुटनीतिक पहलमा राजा, राणा तथा नेपाली काँग्रेस बिच भएको सम्झौताले तत्कालीन नेकाको नेतृत्वमा राजा सहितको प्रजातान्त्रिक व्यवस्था स्थापित भएको थियो । यस जनआन्दोलनबाट राणाहरुको भयबाट देशबाट भारत पलायन भएको तत्कालीन राजा त्रिभुवनलाई पुनः राजगद्दीमा स्थापित गरेको थियो । राजा त्रिभुवनले त्यतिबेलै ००७ सालको पहिलो घोषणामा अब देखि नेपाली जनताले विधानसभा (सम्विधान सभा)को निर्वाचन मार्फत गणतन्त्रात्मक व्यवस्थाको वचन दिएका थिए । उनले सम्पूर्ण राजकीय अधिकार जनतालाई सुम्पिएको कारण नै नेपाली काँग्रेसले उनलाई राष्ट्रपिताको दर्जा दिएको जनताले स्वीकारेका थिए । तर दुईवर्षपछि २०१० सालमा उनले जनतालाई दिएको राजकीय अधिकार पुनः आफूले ग्रहण गरे । यो त्यतिबेलै धोका थियो । यस पछि राजा त्रिभुवनले वचन दिएको विधान सभा (सम्विधान सभा)को निर्वाचन कहिल्यै भएन । सत्ताको लालसामा नेपाली काँग्रेसको मौनता इतिहासमा सबैभन्दा घातक थियो । होइन भने नेपाली जनताले गणतन्त्रको निम्ति ०६३ सम्म कुर्नु पर्ने थिएन र ०५२ सालमा माओवादीले जनयुद्ध गर्ने आवश्यकतापनि रहने थिएन । फागुन ३० गते, २०११सालमा राजा त्रिभुवनको मृत्युपछि युवराज महेन्द्र राजाको गद्दीमा बसे । निरंकुश राजतन्त्रको महत्वाकांक्षा पालेका राजा महेन्द्रले सम्विधान सभाको निर्वाचन गराउने सम्भावना नै थिएन, गराएनन् पनि । उनले नेकाका तत्कालीन नेताहरु भित्रको सत्ता लालसाको मनोविज्ञान र कमजोरी बुझे । उनले २०१५ सालमा उनले निर्वाचन त गराए, तर विधान

> फागनु ७ गते, वि.स. २००७सालमा नेपाली काँग्रेसको नेतृत्वमा भएको जनआन्दोलन मुक्तिसेना (नेकाकै नेतृत्वमा गठित)को फौजी आक्रमणको बलमा १०४वर्षे राणाशाही निरंकुश जहानियाँ शासनबाट मुक्ति प्राप्त भएको थियो ।

सभाको होइन, संसदको । राणा निरंकुश शासन विरुद्ध विद्रोह र जनआन्दोलनको नेतृत्व गरेको नेपाली काँग्रेसप्रति देशैभरी जबर्दस्त प्रभाव थियो । संसदिय निर्वाचनमा उनको बहुमत निश्चित जस्तै थियो ।

त्यसैले नेकाका नेताहरुले पनि केही बोलेनन् । भयोपनि त्यस्तै, नेकाले देशैभरीबाट दुईतिहाई बहुमत प्राप्त गऱ्यो । तर उसले के बुझ्न सकेन भने सत्ता राजनीतिमा चतुर राजा महेन्द्र सम्विधान सभाको निर्वाचनमा उनको मौनतालाई बुझेर सेना र प्रशासन लगायतमा आफ्नो पकड मजबूत बनाई रहेका थिए । अन्ततः नेपाली काँग्रेस तथा तत्कालीन संसदीय राजनीतिक दलहरुको कमजोरीको फाइदा उठाउँदै राजा महेन्द्रले २०१७साल पौष १ गते देशमा पञ्चायती प्रजातन्त्र नामक निरंकुश राजतन्त्रात्मक व्यवस्था स्थापना गर्न सफल भए । त्यस पछिको तीसवर्षे निरंकुश राजतन्त्रको कालरात्री, ०४६/४७को बहुदलिय आन्दोलन, सम्वैधानिक राजतन्त्रको १५वर्ष, ०५२सालदेखीको दसवर्षे माओवादी जनयुद्ध तथा ०६२/६३को संयुक्त जनआन्दोलन, राजतन्त्रको पूर्ण समाप्ति र त्यसपछिको वर्तमान गणतन्त्रको काल हाम्रो सामू नै छ ।

००७सालको ऐतिहासिक परिवर्तनलाई प्रजातन्त्र दिवस भन्नु उचितै हो । यसले राजा र प्रजा दुबैमा अधिकारको विभाजन गरेको थियो । राजाको सर्वोच्चतामा अधीन प्रजाहरु । यसपछि नै नेपाली राजनीतिमा राजनीतिकशक्तिको रुपमा राजा र प्रजा, दुई खम्बे नीतिको बखान शुरु भयो, मानौ नेपाली समाजमा राजा समाज विकासको शुरु देखि नै हुन्, र यो प्रजाको अभिभावकको रुपमा अनिवार्य तत्व हो । प्रायः प्रत्येक राजतन्त्रले यसरी नै आफूलाई सामाजिक र साँस्कृतिक आवश्यकताको रुपमा स्थापित गर्छ । सत्तावृत्तका चाकर बौद्धिकवर्गले पनि ००७ सालको प्रजातन्त्रलाई यसरी नै व्याख्या गरे । तर ऐतिहासिक अभ्यासले के देखायो भने नेपालमा राजतन्त्र निरंकुश भएपनि वा सम्वैधानिक भएपनि उनको स्वाभाव निरंकुश नै थियो । सत्ताका सबै अङ्गहरु राजा र राजदरबार वरिपरी नै घुमिरहेका थिए । अन्ततः राजतन्त्रको विरोधमा भएको जनयुद्ध र जनआन्दोलनहरुले राजतन्त्रको सबै रुपलाई समाप्त गरिदियो र देशमा जनताको राज्यको रुपमा गणतन्त्र स्थापित भयो ।

गणतन्त्रका वर्तमान शासकहरुका लाख कमजोरी हुनसक्छन्, छन्, तर यसको विकल्प कुनैपनि अवस्थामा हुनसक्दैन । यसलाई वास्तविक अर्थमा जनताको राज्य बनाउन तथा शासनमा जनताको सर्वोच्चता स्थापित गर्न थप जनसंघर्षको आवश्यकतालाई पनि इन्कार गर्न सकिँदैन । तर गणतन्त्र जनताको शासन हो, यसको नेतृत्व, कुनै व्यक्तिले जन्मको आधारमा होइन, जनताकै बिचबाट चयनित तथा जनताप्रति समर्पितको हातमा हुनु नै यसको सौन्दर्य र जनवादिता हो ।

यस अर्थमा ००७ सालको प्रजातन्त्र दिवसमा निहित राजनीतिक अन्तर्य भन्दा ०६२/०६३को संयुक्त जनआन्दोलन, ०६४जेठ १५ गणतन्त्र दिवस, माओवादीको फागुन १को जनयुद्ध दिवसको अन्तर्य अग्रगामी छ । ००७ सालको प्रजातन्त्र दिवसमा राजाको सर्वोच्च भूमिकापनि निहित छ, भने अन्यमा जनताको संघर्ष, त्याग, बलिदान तथा जनअधिकारको सर्वोच्चता मात्र छ । यसै कारण ज्ञानेन्द्र शाहले ००७ सालको प्रजातन्त्र दिवसको दिन विज्ञप्ति निकाल्ने गर्छन् । यसै कारण राजतन्त्रका अवशेष राप्रपा जस्ता दक्षिणपन्थी राजनीतिक शक्तिहरुले पनि प्रजातन्त्र दिवसलाई नै महत्व दिने गर्छन् ।

नेपाली काँग्रेसले यस दिनलाई बढी महत्व दिनुको पछाडी ००७ सालको जनआन्दोलनमा उसको निर्णायक भूमिकाको कारण हो । यद्यपि ०६२/०६३को जनआन्दोलनमा तत्कालीन नेका सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादीसँग सम्झौता गरेर देशमा गणतन्त्रको स्थापनामा जुन जनपक्षीय भूमिका खेले, त्यसले नेपाली काँग्रेसले ००७ सालको भन्दा ०६२/०६३को राजनीतिक परिवर्तनमा बढी गर्व गर्नसक्नु पर्छ । विडम्बना नेपाली काँग्रेसभित्र अहिलेपनि एउटा समूह छ, जस्ले राजतन्त्रको समापनमा दुःख मनाउ गर्छ ।

फागुन १४देखी २१सम्म माओवादीले शहिद सप्ताह मनाउने गर्छ । २०५२साल फागुन १४ गते शहिद दिलबहादुर रम्तेल सरकारी सुरक्षाकर्मीको गोलीबाट मारिएका थिए । उनि जनयुद्धका पहिला शहिद थिए । त्यसरी नै फागुन २१ गते २०२९ सालमा तत्काली पञ्चायती सरकारले झापा आन्दोलनका नेताहरु रामनाथ ढकाल, नेत्र घिमिरे, विरेनसिंह राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई जेल सार्ने निहुँमा झापा र इलामको सिमानामा पर्ने जंगलमा लगेर हत्या गरेको दिन हो । यसरी माओवादीले मनाउने भनेको शहिद स्मृति सप्ताह गणतन्त्रको स्थापनाको उद्देश्य सहित शहादत दिएका, विशेषतः नेपाली कम्युनिस्ट आन्दोलनमा शहादत दिनेहरुको स्मृतिमा मनाउने गर्छ । तपाँई भन्न सक्नु हुन्छ, माओवादीले मनाउने शहिद स्मृति सप्ताहले गणतन्त्रको अन्तर्य बोकेको छ ।

यसरी फागुन महिना राजनीतिक महिना जस्तै लाग्छ मलाई ।

गत सप्ताह फागुन ७ गते ज्ञानेन्द्र शाहले राजतन्त्र फर्काउनको निम्ति आह्वान सहित दिएको वक्तव्यको कारण सामाजिक सञ्जाल मात्रै होइन, संसद समेत तरंगित भएको थियो । यद्यपि ज्ञानेन्द्र शाहको वक्तव्यपछि जसरी गणतन्त्रवादी परिदृश्यले जसरी प्रतिक्रिया व्यक्त गऱ्यो, त्यसले उनको दिन फर्कनेवाला छैन भन्ने प्रष्ट संकेत दियो । संसदमा नै नेपाली काँग्रेस, एमाले, माआवादी सहितका सांसदहरुले समेत यस वक्तव्यप्रति कडा आक्रोश व्यक्त गरे । राप्रपाका सांसदहरुले मसिनो स्वरपनि सुनियो, तर त्यो उदार लोकतन्त्रको प्रतिक्रिया बाहेक अरु छैन । तर ज्ञानेन्द्र शाह खुशी हुनसक्छन् । कम्तीमा उनको पक्षमा बोल्ने एउटा प्रतिगामी जमात त छ । कम्तीमा नाम मात्र कै निम्ति भएपनि उनले 'श्री ५को राजदरबारको सचिवालय' लेखेर आफ्नो गुमेको पुर्ख्यौली शाही स्वर्गको अहं अनुभूति गर्न सक्छन् । निश्चय नै यो उनले वर्तमान गणतन्त्रको सञ्चालकहरुको चारित्रिक स्खलन र राजनीतिक अस्थिरताको फाइदा उठाएर गरिरहेका छन् । यो वर्तमान राजनीतिक दलहरुमा गणतान्त्रिक चेतनाको आत्मसातीकरणको समस्या हो र गणतान्त्रिक सम्विधानमा उदार लोकतान्त्रिक भावको परिणाम हो ।

होइन भने गणतन्त्रप्रति दुर्भाव फैलाउनेहरु निषेधित हुन्थे, र ज्ञानेन्द्र शाह तत्कालीन राजाको रुपमा जनयुद्ध र जनआन्दोलन दबाउन जनतामाथी गरेको दमनको निम्ति जनताको कठघडामा दोषीको रुपमा उभिएका हुन्थे ।

हाल ज्ञानेन्द्र शाह नेपालको सम्विधान बमोजिम आम नागरिक सरह हुन् । उनले वर्तमान सम्विधान बमोजिम राजनीति गर्न पाउँछन् । इच्छा छ भने उनले पार्टी खोलेर चुनाव लडन सक्छन्, ताल परे प्रधानमन्त्री वा राष्ट्रपति नै हुनसक्छन् ।

तर उनले अहिलेको शासकवर्गको कमजोरी देखाएर, यस निहुँमा कुनैपनि किसिमको राजतन्त्रको आह्वान गर्छन् भने त्यो जनताको अधिकारको सर्वोच्चताको खिलाफ हुनेछ । कम्तिमा गणतन्त्रवादीशक्तिले यो आत्मसात् गर्नु आवश्यक छ । कुनैपनि रुपको राजतन्त्रको वकालत वर्तमान गणतन्त्रको निम्ति नेपाली जनताले बगाएको रगत र शहादतको अपमान हुनेछ । नयाँ पुस्ताले आफ्ना पुर्खाहरुले गरेको संघर्ष,शहादत, अवर्णनीय दुःख र कष्टको इतिहास जान्न जरुरी छ । निश्चय नै वर्तमान गणतन्त्र वास्तविक अर्थमा जनताको राज्य हुन अनेक कमी छ, यस्को विकास जरुरी छ, तर यसको विकल्प राजतन्त्र हुनसक्दैन । यो नै गणतन्त्रको वास्तविक र अग्रगामी चेतना हो ।

# ब्रिटिस लाहुरेको सपना छोडेर खेलाडी बने दीपक

**रमा केसी**

चाहना ब्रिटिस आर्मीमा भर्ती हुने र धेरै पैसा कमाउने भए पनि समय र परिस्थितिले दीपक हमाललाई त्यसो हुन दिएन । आफू र आफ्नो घरपरिवारको आर्थिक अवस्थाका कारण पनि दीपक लाहुरे हुन चाहनुहुन्थ्यो । लाहुरे भएपछि धेरै पैसा कमाउने र घरको आर्थिक अवस्थालाई बलियो बनाउने योजना थियो । तर सबैका सबै योजना पूरा कहाँ हुन्छन् अनि सबै सपनाहरु विपनामा साकार पनि त हुँदैनन् । सायद त्यसैले होला दीपकको त्यो सपना सपनामै सीमित हुने रहेछ र उहाँ खेलाडी दीपकका रुपमा अगाडि बढ्नुभयो ।

विसं २०४९ असोज १५ गते सुर्खेतको छिञ्चुमा जन्मनुभएका दीपक आफ्नो सपनालाई त्यागेर उसु खेलतर्फ मोडिनु पनि समयको चक्र नै मान्नुपर्छ । विभिन्न समयमा भएका खेलहरुमा स्वर्ण र कास्य पदकको विजेता बन्नु थियो सायद । १३औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण विजेता दीपक 'प्लस टू'को अध्ययन सकेपछि मात्रै पूर्ण रुपमा खेल क्षेत्रमा होमिने अवसर प्राप्त गर्नुभएको हो । सुरुमा फिटनेसका लागि खेलकुद रोज्नुभएका उसु खेलाडी दीपक पछिल्लो समय राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा चिनिनुहुन्छ । खेलजगत्ले नै उहाँलाई दीपक बनाएको छ ।

दीपकले २०६८ सालमा फिटनेसका लागि सेन्सन केन्द्रीय खेलकुद परिषद्बाट उसु खेललाई रोज्नुभएको थियो । प्रकाश लामाबाट प्रशिक्षण लिएका उहाँले दुई वर्षपछि २०७० सालमा नेसनल च्याम्पियन सुरु गर्नुभएको थियो । त्यसलगत्तै उनले २०७० मा नवौं राष्ट्रिय उसु च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्नुभयो । आफ्नो डेब्यु प्रतियोगितामा उहाँले पदक त जित्न सक्नुभएन तर पनि सम्भावनाको यात्रामा पछि हट्नु भएन । लगातारको मिहेनत र निरन्तरको प्रयासले नै सम्भावनाको ढोका खोल्न भने सफल हुनुभयो उहाँ । डेब्यु प्रतियोगितामा चौथो भएका उहाँले २०७३ सालमा विराटनगरमा भएको सातौं राष्ट्रिय खेलकुदमा मध्यपश्चिमबाट खेल्नुभएका उहाँले थाइल्यान्डमा स्वर्ण पदकसमेत जित्नुभएको थियो । यसले एकातिर हौसला र अर्कोतिर अझ दृढ भएर लाग्ने प्रेरणा मिलेको थियो उहाँलाई ।

आफ्नो दोस्रो सहभागितामै स्वर्ण जित्न सफल हमालले रसियामा सन् २०१८ मा भएको १४औं वर्ल्ड उसु च्याम्पियनसिपमा पनि उत्कृष्ट प्रदर्शन गर्न सफल हुनुभयो । पहिलो अन्तरराष्ट्रिय प्रतियोगिता खेल्नुभएका उहाँले खासै पदवी नै हात पार्न नसके पनि ६८ राष्ट्रमध्ये आफूलाई २०औं स्थानमा उभ्याउन सफल हुनभयो ।

त्यस्तै, सन् २०१९ मा चीनको सङ्घाइमा भएको १५औं वर्ल्ड उसु च्याम्पियनसिपमा पनि उहाँ उत्कृष्ट खेलाडी २० भित्र पर्न सफल हुनुभयो । त्यसपछि स्वदेशमै आयोजना भएको १३औं सागमा स्वर्ण जित्दै हमालले इतिहास रच्न सफल हुनुभयो ।

हलचल बनाउने कोभिड-१९ का कारण २ वर्ष अन्तरराष्ट्रिय सहभागिता जनाउन नपाउनुभएका उहाँले गत वर्ष चीनको हाङचाओमा आयोजना भएको १९औं एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्नुभएको थियो । उक्त प्रतियोगितामा सहभागी २० मध्ये उहाँले १२औं स्थान हासिल गर्नुभयो । हालै चीनको जिङज्याङ सहरमा आयोजना भएको वर्ल्ड कपको छनोटमा उहाँले दुई कास्य पदक हात पार्नुभएको थियो । उहाँले नानछ्वान र तुइलिनमा तेस्रो स्थान हात पार्नुभयो । यसले उहाँलाई अझै मिहेनतको खाँचो छ भन्ने कुरा आफैंले महसुस गराएको छ । यससँगै उहाँ आगामी अक्टोबरमा जापानमा




हुने प्रतियोगितामा छनोट हुन पनि सफल बन्नुभयो । यसमा सफलता हात पार्ने मात्र होइन, आफूप्रतिको खेलको क्षेत्रको विश्वाससमेत दिलाउने गरी मिहेनत गरिरहनुभएको छ ।

यतिबेला उसु वर्ल्डकपलगायतका प्रतियोगिताका लागि खेलाडीहरूले तयारी गरिरहेका छन् । 'उसु वर्ल्डकप लगायतका प्रतियोगितामा पदक जित्ने लक्ष्यसहित प्रकाश महर्जन गुरुले प्रशिक्षण गराइराखेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाल उसु महासङ्घले पनि वैदेशिक प्रशिक्षण गराउने आश्वासन दिएको छ । यसले गर्दा ममा अझै पनि हौसला थपिएको छ", उहाँ भन्नुहुन्छ, "वैदेशिक प्रशिक्षण राम्रो भएमा अन्तरराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याउन धेरै नै मद्दत पुऱ्याउँछ ।"

एउटै खेलको दुईवटा महासङ्घ हुँदा समस्या भएको बताउनुहुन्छ, दीपक । "दुईवटा महासङ्घ हुँदा खेलाडीले दुःख भोग्नु परिरहेको छ । कुन कामका लागि कुन महासङ्घमा जाने भन्ने समस्या छ," उहाँ भन्नुहुन्छ, अन्तरराष्ट्रिय मान्यता प्राप्त महासङ्घले भने खेलाडीलाई सदैव सहयोग गर्ने प्रतिबद्धता जनाउँदै आएको छ । तर, पनि दुईवटा सङ्घ हुँदा समस्या त भइहाल्छ । एउटाले एउटा विषयको उठान गरिरहेको बेलामा अर्कोले अर्कै विषयवस्तुको उठान गरिदिन्छ ।"

पछिल्लो समय उसुका दुई महासङ्घ छन् । जनक बर्तौला नेतृत्व महासङ्घलाई राष्ट्रिय खेलकुद परिषद्ले मान्यता दिएको छभने वीरबहादुर लामा नेतृत्वको महासङ्घलाई नेपाल ओलम्पिक कमिटी र अन्तरराष्ट्रिय उसु महासङ्घको मान्यता छ ।

**'कर्णालीको हुाभन्दा गर्व लाग्छ'**

दीपकले राष्ट्रिय प्रतियोगिताहरू कर्णाली प्रदेशबाट खेल्दै आउनुभएको छ । कर्णालीबाट खेल्दा आफूलाई गर्व लाग्ने दीपक बताउनुहुन्छ । "आफू जन्मिएको ठाउँ चिनाउन पाउँदा गर्व लाग्दो रहेछ । मलाई विभागीय टोलीबाट धेरैपटक 'अफर' आयो । तर मैले विभागका नामबाट भन्दा आफ्नै प्रदेशबाट खेल्ने निर्णय लिएर अहिलेसम्म अघि बढिरहेको छु", उहाँले भन्नुभयो, "कुनै पनि विभागमा गइनँ तर, विभाग बाहिरका खेलाडीका लागि समस्या नै समस्या छन् । सबैभन्दा ठूलो समस्या त आर्थिककै छ ।" खेल जीवनबाट आफू सन्तुष्ट भए पनि राज्यबाट पाउनुपर्ने सेवासुविधा नपाउँदा भने निकै नै गाह्रो हुने दीपकको अनुभव पनि छ । सरकारले आश्वासन मात्र दिन्छ खेलाडीका लागि पछिसम्मको भविष्य सोचेर सेवा सुविधा दिनएको भए खेललाई अगाडि बढाउन सकिने उहाँको भनाइ छ ।

कर्णाली आफैंमा दुर्गम जिल्ला हो, त्यसमा पनि खेललाई अगाडि लैजानमा निकै चुनौतीपूर्ण रहेको उहाँ बताउनुहुन्छ । उहाँ राष्ट्रिय खेलकुद परिषद्ले सञ्चालन गरेको विशेष प्रशिक्षणमा सहभागी हुनुभएको छ । परिषद्ले बिहानको खाजा खर्च मात्रै दिँदै आएको छ ।

# सरकार फेर्ने पक्षमा लाग्दैनौं : अध्यक्ष दाहाल



झापा । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार फेर्ने पक्षमा आफुहरु नलाग्ने बताउनुभएको छ।

पार्टीले सोमबार यहाँको कचनकबलबाट सुरु गरेको 'जनतासँग माओवादी : तराई-मधेश जागरण अभियान'को उद्धाटन समारोहलाई सम्बोधन गर्दै उहाँले नेकपा माओवादी केन्द्र अब जनतासँग जाने धारणा व्यक्त गर्नुभयो ।"सरकार फेर्ने पक्षमा लाग्दैनौं, कसरत पनि गर्दैनौं," उहाँले भन्नुभयो, "हामीले संकल्प गरेर जनतासँगै सहकार्य गरेर अघि बढ्ने अठोट लिएका छौं ।"

विगतमा नेकपा एमाले र नेपाली कांग्रेससँग सत्ता सहकार्य गर्दा पार्टीले जनतासँगको सम्बन्धबाट विमुख हुनुपरेको जनाउँदै उहाँले हिजोका दिनमा भएका कमी कमजोरीप्रति आत्मालोचना र समीक्षा गरेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले सबै जातजाति तथा भाषाभाषीसँगको सम्बन्धलाई प्रगाढ बनाउन र एकता कायम गर्ने उद्देश्यले जागरण अभियान सुरुवात गरेको बताउनुभयो ।

आगामी आम चुनावमा पार्टीले एक्लै चुनाव लड्ने उल्लेख गर्दै उहाँले यसअघि माओवादीसँग सहकार्य गरेर एमाले र कांग्रेस ठूलो पार्टी बनेको स्मरण गराउनुभयो ।

उहाँले भन्नुभयो, "जुनबेला हामीले उनीहरुसँग सहकार्य गर्‍यौं, उनीहरु नै ठूला पार्टी बने । तर, जुनबेला हामी एक्लै चुनाव लडेका थियौं, त्यसबेला जनताले हामीलाई ठूलो पार्टी बनाएका थिए ।"

झापाका जनताले भोगिरहेको जङ्गली हात्तीको समस्या समाधान गर्न सरकारले ठोस कार्यक्रम ल्याउन नसकेको उहाँले बताउनुभयो । अध्यक्ष दाहालले चिया किसान र श्रमिकका समस्या समाधान खोज्न पार्टीले अगुवाई गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उहाँले आफु दोस्रोपटक प्रधानमन्त्री भएर झापामा सुरुवात गरेको धान सुपरजोन परियोजना हाल बन्द रहेकोमा चिन्ता व्यक्त गर्नुभयो । कचनकबलबाट सुरु भएको जनतासँग तराई मधेश जागरण अभियान आगामी चैत ७ गते कञ्चनपुरमा पुगेर समापन हुने पार्टीका झापा इञ्चार्ज रञ्जित तामाङले जानकारी दिनुभयो ।रासस

# सशस्त्र प्रहरीको बढुवा ज्येष्ठताका आधारमा हुनुपर्ने



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)का संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डेले सशस्त्र प्रहरीको बढुवामा ज्येष्ठतालाई मुख्य आधार बनाउनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा 'सशस्त्र प्रहरी बल, नेपाल विधेयक २०८१' माथिको छलफलका क्रममा उहाँले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबीचको अन्तरसम्बन्धलाई अझै स्पष्ट गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

"सशस्त्र प्रहरीको बढुवाको पहिलो आधार ज्येष्ठता नै बनाउनुपर्छ ।

कार्यसम्पादन मूल्याङ्कनलाई बढुवाको पहिलो आधार बनाउँदा चलखेलको आशङ्का हुन्छ", सांसद पाण्डेले भन्नुभयो । सांसद पाण्डेले 'चेन अफ कमाण्ड'मा विधेयक फितलो देखिएको टिप्पणी गर्नुभयो । सो विधेयकमाथिको छलफलमा नेपाली कांग्रेसका सांसद जीवन परियारले सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका अलग अलग जिम्मेवारी भएकाले त्यसलाई अझ स्पष्ट बनाउनुपर्नेमा जोड दिनुभयो ।

"सशस्त्र प्रहरीले अनुसन्धान गर्ने हैन । नेपाल प्रहरीले अनुसन्धान गर्ने हो ।

आआफनो क्षेत्राधिकार स्पष्ट गर्नुपर्छ", सांसद परियारले भन्नुभयो, "सशस्त्रलाई सीमा सुरक्षाको छुट्टै मापदण्ड बनाएर अधिकार दिन सक्यौं भने ऐन समृद्ध हुन सक्छ ।"रासस

# 'सशस्त्र प्रहरी बललाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाऔं'



काठमाण्डु । सांसदहरुले सशस्त्र प्रहरी बललाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउने गरी कानुन निर्माण हुनुपर्नेमा जोड दिनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सशस्त्र प्रहरी बल, नेपाल विधेयक २०८१ माथिको छलफलका क्रममा सांसदहरुले सशस्त्र प्रहरी बलको सङ्गठन स्वायत्त बनाउन माग गर्नुभयो । बैठकमा गृहमन्त्री रमेश लेखकले 'सशस्त्र प्रहरी बल, नेपाल विधेयक २०८१ माथि विचार गरियोस्', भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । सांसदहरुले सशस्त्र प्रहरी कर्मचारीहरुले सेवा छाड्ने प्रवृत्ति बढेको उल्लेख गर्दै उनीहरुको मनोबल उच्च बनाउने गरी विधेयक निर्माण आवश्यक भएको बताउनुभयो । उहाँहरुले विधेयक समावेशी बनाउनुपर्ने, नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच समन्वय नीति स्पष्ट हुनुपर्ने सुझाव समेत दिनुभयो ।

उक्त विधेयकमाथि विचार प्रस्तुत गर्दै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद देवेन्द्र पौडेलले सशस्त्र प्रहरी बलको परिचालन स्वायत्त बनाउन सुझाव दिनुभयो । "यो मिलिटेन्ट कर्मचारीतन्त्र हो । यसको सञ्चालन, परिचालन र नियन्त्रण सिभिलियनलाई दिन मिल्दैन", सांसद पौडेलले भन्नुभयो, "यसलाई अलगै स्वायत्त, संस्थाका रुपमा जनसेवामा प्रयोग गर्ने गरी कानुन बनाउनुपर्छ ।"

माओवादी केन्द्रका सांसद बिमला सुवेदीले सशस्त्र प्रहरीको परिचालन प्रमुख जिल्ला अधिकारीमार्फत हुने व्यवस्थाले राजनीतिक हस्तक्षेप निम्त्याउन सक्नेमा आशङ्का व्यक्त गर्नुभयो । उहाँले नेपाल प्रहरी र सशस्त्र प्रहरी स्पष्ट व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो । माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले सशस्त्र प्रहरी परिचालन केन्द्र सरकारको नियन्त्रणमा रहने गरी विधेयक बनेको बताउनुभयो । "आपत्कालीन अवस्थामा सशस्त्र प्रहरीको परिचालन गर्न प्रदेशले सङ्घीय सरकारको स्वीकृति लिनुपर्ने अवस्थाले तत्कालीन आवश्यकता परिपूर्तिमा ढिलाइ हुनसक्छ", सांसद घर्तीले भन्नुभयो ।

विधेयकमाथिको छलफलका क्रममा सांसद डा अमरेशकुमार सिंहले सुरक्षा बललाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउने व्यवस्था विधेयकले गर्नुपर्ने राय व्यक्त गर्नुभयो ।

"सशस्त्र प्रहरीको 'चेन अफ कमान्ड' कसको हातमा हुने ? गृह कि प्रमुख जिल्ला अधिकारीको हातमा ?", सांसद सिंहले सशस्त्र प्रहरीको स्वायत्ततामाथि विधेयकमा भएका व्यवस्थाबारे प्रश्न गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद रोशन कार्कीले सशस्त्र प्रहरी कर्मचारीले बीचमै जागिर छाड्ने समस्या समाधानका विषयमा विधेयक स्पष्ट नभएको बताउनुभयो । उहाँले यसलाई राजनीति मुक्त "सशस्त्र प्रहरीलाई फोर्सका रुपमा हैन । गृह मन्त्रालयको एउटा शाखाका रुपमा किन राखिएको हो ?", सांसद कार्कीले प्रश्न गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद शेरबहादुर कुँवरले सुरक्षा बललाई राजनीतिबाट जोगाउने गरी कानुन निर्माण गर्नुपर्ने बताउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद सुमना श्रेष्ठले सशस्त्र प्रहरीलाई सीमा सुरक्षामा परिचालनमा गर्न आवश्यक रहेको बताउनुभयो ।

सशस्त्र प्रहरीलाई कमजोर बनाइएको भन्दै उहाँले प्रमुख जिल्ला अधिकारीले परिचालन गर्ने व्यवस्थाप्रति आपत्ति जनाउनुभयो ।

रास्वपाका सांसद विराजभक्त श्रेष्ठले सीमा अपराधको परिभाषामा स्पष्ट पार्दै यसका लागि सशस्त्र प्रहरी परिचालन गर्नुपर्ने धारणा प्रस्तुत गर्नुभयो । उहाँले सशस्त्र प्रहरीलाई विपद् व्यवस्थापन र सीमा सुरक्षामा सशस्त्र प्रहरी परिचालनमा जोड दिनुभयो ।

रास्वपा सांसद गणेश पराजुलीले सुरक्षा बलमा राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउन जोड दिँदै सङ्गठन बनाउनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो। उहाँले भन्नुभयो, "बढुवाका लागि योग्य अधिकारीहरु राजनीतिक शक्ति केन्द्रको घरघरमा पुगेको देखिन्छ ।

अधिकारीहरु घरसम्म नपुगे भने त्यहीँबाट बोलावट हुन्छ। राज्यमा कानुनी सर्वोच्चता हुनुपर्नेमा हामीले कति हदसम्म राजनीतिकीकरण गरिरहेका छौं !"

विधेयकमाथिको सैद्धान्तिक छलफलमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद योगेशकुमार भट्टराईले सशस्त्र प्रहरी अर्धसैनिक बलको चरित्रमा रहेको उल्लेख गर्दै यसलाई आफ्नै सङ्गठनको 'चेन अफ कमान्ड'मा सरुवा, बढुवालगायत वृद्धिविकासमा सङ्गठनको प्रमुख अधिकारीहरुलाई जिम्मेवार बनाउनुपर्ने बताउनुभयो। उहाँले सङ्गठनप्रमुखलाईनैमुख्य जवाफदेही बनाउनुपर्ने भन्दै विधेयकमा आवश्यक सुधारका लागि सुझाव प्रस्तुत गर्नुभयो ।

"सशस्त्र प्रहरी कस्तो अवस्थामा निर्माण गरिन्छ भन्नेबारे सुझाव दिन गठित सुझाव कार्यदलले थुप्रै सुझाव दिएको छ । विधेयकले ती सुझावहरुको उचित सम्बोधन गरेको छैन", सांसद भट्टराईले भन्नुभयो । एमाले सांसद रघुजी पन्तले सशस्त्र प्रहरीलाई सीमा सुरक्षा, विपद् व्यवस्थापन र द्वन्द्व नियन्त्रण मुख्य जिम्मेवारी दिनुपर्ने राय व्यक्त गर्नुभयो ।

उहाँले सशस्त्रलाई स्रोत साधन र उपकरणयुक्त बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

एमाले सांसद दामोदर पौडेल वैरागीले विधेयकमा अनिवार्य अवकाशको उमेर हद परिवर्तनको प्रभावबारे स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो। नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले सशस्त्र प्रहरीलाई दर्ज्यानी चिह्न निर्वाचित संस्थाबाट दिने व्यवस्था गर्न सुझाव दिनुभयो । "सशस्त्र प्रहरीको नियुक्ति सरकारले गर्छ तर दर्ज्यानी चिह्न गृह सचिवले लगाउने प्रचलन छ । विधेयकमा पनि यही आउनु राम्रो भएन कि त प्रधानमन्त्री कि त गृहमन्त्रीले दर्ज्यानी चिह्न राख्ने व्यवस्था गरौं", उहाँले भन्नुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले सशस्त्र प्रहरीको कार्यक्षेत्र स्पष्ट तोक्न आवश्यक रहेको बताउनुभयो ।

सशस्त्र प्रहरी बललाई समावेशी बनाउनुपर्नेमा समेत जोड दिनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद बीना लामाले सशस्त्र प्रहरीलाई प्रमुख जिल्ला अधिकारीले परिचालन गर्नसक्ने व्यवस्था उचित नभएको बताउनुभयो ।

"सशस्त्र प्रहरी बललाई फोर्सका रुपमा हैन मन्त्रालयको शाखाका रुपमा राख्न खोजिएको छ, यसलाई प्रमुख जिल्ला अधिकारीको मातहतमा राख्ने गरी विधेयकले व्यवस्था गरेको छ, यो उचित होइन", सांसद लामाले भन्नुभयो ।

रासस


मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा

**कृषि सामग्री आपूर्तिकर्ता सूचिकृत गर्ने प्रति ईकाई दरभाउ पत्र सहितको शिलबन्दी आवेदन (प्रस्ताब) आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/११/१३

कृषि ज्ञान केन्द्र, धनुषाको आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कार्यक्रम संचालनको क्रममा कृषकबाट विभिन्न किसिमको कृषि सामग्री, कृषि यन्त्र उपकरणहरु , बाली संरक्षण सामग्री तथा स्प्रेयर, किटनाशक तथा रोग नाशक बिषादी, किरा नियन्त्रण गर्ने ट्र्यापहरु, धैंचाको बिउ, बर्खे तथा हिउदे तरकारी बालीको बिउहरु, बर्खे तथा हिउदे फलफुलको बिरुवा, अन्य आदि कृषि सामग्री कृषकस्तर/कार्यालयमा आपूर्ति गर्नुपर्ने भएकोले आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धि स्पेसिफिकेसन सहितको प्रति ईकाई शिलबन्दी दरभाउपत्र (प्रस्ताब) १५ दिन भित्र खरिद गर्न तथा सोह्रौ दिन दिनको १२ बजे सम्म कृषि ज्ञान केन्द्र धनुषामा पेश गर्न हुन सम्बन्धित सबैमा आव्हान गरिन्छ। प्राप्त दरभाउहरु मध्ये गुणस्तर तथा न्युनतम मूल्यको आधारमा आवेदन स्वीकृत हुने, न्युनतम सुचिकृत भएका बिक्रेताहरुसंग न्युनतम दरमा कृषकलाई सामग्री आपूर्तिगर्न सकिने ईच्छुकबिक्रेताहरुले कार्यालयले निर्दिष्ट गरेको फोरमेटमा बिक्रेतासंग रहेको प्यान, घरेलु दर्ता, २०८०/८१ को कर चुक्ता, कृषि यन्त्र उपकरणको लागि नेपाल सरकारको अधिकारिक डिलरशिप सम्बन्धि प्रमाणहरु, बिरुवा सप्लाय गर्न नर्सरी स्थापना रहेको दर्ता प्रमाण पत्रहरु, स्पेसिफिकेसन तथा न्युनतम दररेट सहितको प्रस्ताब आवेदन पेश गर्न हुन् अनुरोध छ। दरभाउ पत्र कृषि ज्ञान केन्द्र धनुषाबाट रु एक हजार तिरी खरिद गर्न सकिनेछ। प्राप्त हुन् आएका दरभाउपत्रहरु मध्ये मूल्यांकनको आधारमा सूचिकृत गरि न्युनतम दररेट पेश गर्ने बिक्रेताहरुसंग कार्य संचालनको क्रममा सम्झौता गरिने, कार्यक्रम अनुसार स्वीकृत बजेट अथवा अनुमानित भुक्तानी हुने रकमको ५% रकम कार्यसम्पादनबापतको जमानत रकम वा नेपाल सरकारको मान्यता प्राप्त अधिकारिक बैंक बाट मन्जुर गरेको सक्कल जमानत पत्र पेश गर्नु पर्नेछ। यो सूचना कृषि ज्ञान केन्द्र धनुषाको website akcdhanusha.gov.np बाट समेत प्राप्त गर्न र आवश्यक केहि बुझ्नको लागि कार्यालय को फोन ०४१५२०१४८ मा सम्पर्क गर्न हुन् अनुरोध छ।

**कार्यालय प्रमुख**



**Government of Madhesh Province**
**Ministry of Industry, Commerce and Tourism**
**Janakpurdham, Dhanusha**

**NOTICE OF INVITATION FOR ELECTRONIC BID**

First Date of Publication: 25th February 2025

1. Ministry of Industry, Commerce and Tourism, Janakpurdham, Dhanusha, invites electronic bids from eligible Nepalese bidders for the following works:

| S.N | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimated Amount (without VAT and PS) | Bid Validity Period | Bid Security Amount (NRs.) Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | MOICT/1 Works/ 01/2081/082 | Adhunik Paryatyakya Park Nirman, Chandrapur Na.pa. Rautahat, Janakpur Dhanusha, Birgunj Parsa, Lalbandi Sarlahi, Tilathi Koiladhi Saptari | 3,000.00 | 1,68,42,310.33 | 90 days | 4,65,000.00/ 120 days | |

| | |
|---|---|
| Deadline for Bid Submission: | 2025/03/27 till 12:00 Noon |
| Date, Time and Place of Bid Opening: | 2025/03/27 2:00 PM at Ministry of Industry, Commerce and Tourism, Janakpurdham, Dhanusha |
| Account Number for Bid Document Purchase: | Name of Bank Rastriya Banijya Bank, Janakpurdham<br>Account Name: Ministry of Industry, Commerce and Tourism, Janakpurdham, Dhanusha<br>Account no.: 1000100200010000<br>Office Code: 3070017012<br>Revenue Code: 14229 |
| Account Number for Bid Security Deposit: | Account Name: Pradesh Lekha Niyantran Karyalaya, Janakpurdham<br>Bank Name: Rastriya Banijya Bank, Janakpurdham<br>Account Number: 1220100202030000 |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Ministry of Industry, Commerce and Tourism, Janakpurdham, Dhanusha or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever


कार्यदेश तथा कार्यक्षेत्रबारे राख्नुपर्नेमा जोड दिनुभयो । प्रमुखलाई जवाफदेही र जिम्मेवार

# वेस्ट बैङ्कमा भएको हिंसाप्रति राष्ट्रसङ्घका प्रमुखद्वारा 'गम्भीर चिन्ता' व्यक्त

एएफपी

जेनेभा । इजरायलले कब्जा गरेको प्यालेस्टाइनी भूभागमा विस्तारित सैन्य कारबाहीको घोषणासँगैसंयुक्त राष्ट्रसङ्घका प्रमुखले पश्चिमी किनारा (वेस्ट बैङ्क) मा इजरायली बसोवास गर्नेहरूको बढ्दो हिंसाप्रति सोमबार चिन्ता व्यक्त गर्नुभएको छ ।

इजरायलले आफ्नो सेना केही महिनासम्म पश्चिम किनाराका शरणार्थी शिविरमा रहने बताएको छ । त्यहाँ बसोबास गर्ने दशौं हजार प्यालेस्टिनीहरू तीव्र सैन्य कारबाहीका कारण विस्थापित भएका छन्।एन्टोनियो गुटेर्रेसले जेनेभामा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा भन्नुभयो, "इजरायलीहरूले कब्जा गरेको

आइतबार पनि इजरायली सेनाले जेनिनमा लडाकू ट्याङ्कर तैनाथ गर्ने घोषणा गरेको थियो । इजरायलले जेनिनमा आफ्नो अभियान 'विस्तार' गरिरहेको थियो।सन् २००५ मा दोस्रो प्यालेस्टिनी 'इन्तिफादा' भनिने विद्रोहको अन्त्यपछि पश्चिम किनारामा बख्तरबन्द बख्तरबन्द लडाकू गाडीहरू गाडीहरू तैनाथ भएको यो पहिलो पटक हो।

सन् २०२३ को अक्टोबर ७ मा इजरायलमा हमासको घातक आक्रमणपछि सुरु भएको गाजा युद्ध सुरु भएयता पश्चिमी किनारामा हिसा बढेको छ ।गुटेर्रेसले गत जनवरी १९ देखि गाजामा जारी युद्धविरामको महत्वमाथि सोमबार जोड दिनुभएको छ ।

उहाँले भन्नुभयो, "हामी



पश्चिमी किनारामा उनीहरूबाट बढ्दो हिंसा र अन्य उल्लङ्घनका साथै एकीकरणको मागप्रति म गम्भीर चिन्तित छु ।"

प्यालेस्टाइनको छुट्टै क्षेत्र गाजा पट्टीमा युद्धविराम लागू भएलगत्तै सेनाले एक महिनाअघि पश्चिम किनाराको उत्तरी क्षेत्रमा प्यालेस्टिनी लडाकूविरुद्ध ठूलो आक्रमण सुरु गरेको थियो ।

जेनिन, तुलकारेम र टुबास शहरनजिकका थुप्रै शरणार्थी शिविरमा वेस्ट बैंकको आक्रमण विस्तारै विस्तार हुँदै गएको छ ।

अनिश्चित युद्धविरामको साक्षी बनिरहेका छौं । हामीले कुनै पनि हालतमा शत्रुताको पुनरुत्थानबाट बच्नुपर्छ। गाजाका जनताले पहिले नै धेरै दुःख भोगेका छन्," उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो,"यो स्थायी युद्धविरामको समय हो, बाँकी रहेका सबै बन्धकहरूको सम्मानजनक रिहाई, दुई-राज्य समाधानको दिशामा अपरिवर्तनीय प्रगति, कब्जाको अन्त्य, र गाजालाई एक अभिन्न अङ्गको रूपमा एक स्वतन्त्र प्यालेस्टिनी राज्यको स्थापना यसको निर्दिष्ट लक्ष्य हुनुपर्छ ।"

# जर्मनीमा कन्जर्भेटिभ पार्टीको जित




एएफपी

बर्लिन । जर्मनीमा आइतवार भएको मतदानबाट फ्रिडरिक मर्ज नेतृत्वको कन्जर्भेटिभ पार्टीले आमनिर्वाचनमा प्रतिस्पर्धी दलहरूलाई धेरै अन्तरले पछि पार्दै जित हासिल गरेको छ। कन्जर्भेटिभ पार्टीले २८.५२ प्रतिशत मत ल्याई कूल ६३० सिटमध्ये २०८ सीट जितेको छ । क्रिश्चयन डेमोक्र्याट्स (सीडीयू) सबैभन्दा ठूलो दल बने पनि उक्त दलले अपेक्षा गरिएको अर्थात् ३० प्रतिशतभन्दा कम मत पाएको हो ।

जर्मनीको यो पटकको निर्वाचनमा ८३ प्रतिशत मतदान भएको छ। सन् १९९० मा पुनः एकीकरण भएयताको यो सबैभन्दा धेरै मतदान हो।जर्मनीमा मतदानका लागि पाँच करोड ९२ लाख मानिसहरू योग्य थिए। तीमध्ये दशौँ लाखले चुनावको दिन अघि नै हुलाकमार्फत् आफ्नो मत व्यक्त गरिसकेका थिए।

**दोस्रो दल एएफडीलाई २० प्रतिशत मत**

चरम दक्षिणपन्थी दल 'अल्टर्नेटिभ फर जर्मनी' (एएफडी) दोस्रो ठूलो दल बनेको छ। यो दलले २० प्रतिशत मत पाएको छ । "आज रातभरि हामी उत्सव मनाऔं, भोलि बिहानैबाट काम गर्नु छ," मेट्र्सले खुसी मनाइरहेका आफ्ना समर्थकहरूलाई बर्लिनमा सम्बोधन गर्दै भन्नुभयो । उहाँले आफ्नो अगाडि देखिएका जिम्मेवारीबारे आफू जानकार रहेको बताउनुभयो ।

प्रतिस्पर्धी एएफडीबाट चान्सलरको उम्मेदवार बनेकी एलिस वाइडलले समर्थकहरूको बलमा आफ्नो दललाई दोस्रो बनाउन सफल भए पनि उक्त दलले अझै ठूलो जित अपेक्षा गरेको थियो। मत परिणामपछि उक्त दलको मुख्यालय शान्त देखिएको छ।सोमवार लागेलगत्तै आएको मत परिणामअनुसार एएफडीले अन्य भागभन्दा देशको पूर्वी भागमा अरू दलभन्दा धेरै मत पाएको छ। सार्वजनिक प्रसारक संस्था जेडडीएफको सर्वेक्षणअनुसार यो दलले पूर्वी क्षेत्रमा ३४ प्रतिशतभन्दा बढी मत पाएको देखिएको छ ।

यसैबीच, निर्वाचन परिणामपछि मतदाता तथा शुभचिन्तकहरूलाई सान्त्वना दिँदै एएफडीका चान्सलरका उम्मेदवार बाइडलले भन्नुभयो, "मर्जको पार्टीले गठबन्धन सरकार बनाए पनि त्यो सफल हुनेछैन ।" उहाँले भन्नुभयो, "जर्मनहरूले परिवर्तनका पक्षमा मतदान गरेका छन्। मलाई अर्को चार वर्ष पर्खनुपर्छ जस्तो लाग्दैन। हामी ताजा चुनावमा जान्छौँ ।"

पूर्वी क्षेत्रबाहेकका सबै स्थानमा अन्य दलभन्दा धेरै मत पाएको सीडीयूले आफ्नो दलबाट चान्सलर बनाउन अर्को एउटा पार्टीसँग गठबन्धन गर्नुपर्ने हुन्छ। हालका चान्सलर ओलाफ स्कोल्जको दल उक्त गठबन्धनमा सहभागी हुन सक्ने आँकलन गरिएको छ।स्कोल्जले तीन वटा दलको गठबन्धन गरेर बनाएको सरकार गत वर्ष ढलेको थियो।

**गठबन्धन बहस सुरू**

मर्जले यो निर्वाचनबाट कम्तीमा दुई वटा दलबीचको गठबन्धनबाट सरकार बन्न सक्ने गरी स्पष्ट जनादेश दिन मतदाताहरूलाई आह्वान गर्नुभएको थियो रेका थिए। त्यसले आफूलाई देशले सामना गरिरहेका समस्या समाधान गर्न सक्षम बनाउने उहाँको चुनावी वाचा थियो।

मर्जको पार्टीले एएफडीसँग गठबन्धन नगर्ने बताउँदै आएको छ। मर्जले गठबन्धन गर्ने सम्भावना देखिएको सोशल डेमोक्र्याटले सबैभन्दा खराब नतिजा बेहोरेको छ। उक्त दलले १६.४ प्रतिशत मात्रै मत पाएको छ ।

सरकारबाट बाहिरिन लागेका चान्सलर ओलाफ स्कोल्जले निर्वाचन परिणामले पार्टीको नराम्रो हार देखाएको बताउँदै गठबन्धन सरकार बनाउने वार्तामा आफू सहभागी नहुने बताउनुभएको छ ।

यसअघि सीडीयूको कमजोर प्रदर्शनका कारण दुई वटा दलको मात्रै गठबन्धन सरकार बन्नेमा आशङ्का गरिएको थियो।जर्मनीमा चार वर्षसम्म तीन वटा पार्टीको गठबन्धनले सरकार चलाएको थियो। मर्जको दलका लागि अर्को भरपर्दो साझेदार ग्रीन्स हो तर उक्त दलका प्रमुखलाई मर्जले मतदानअघि नै 'हिट पम्प'का प्रतिनिधि भनेर खिल्ली उडाएका थिए।

**युक्रेनलाई सहयोग बढाउने प्रतिवद्धता**

सन् २०२४ को नोभेम्बरमा ६९ वर्ष पुगेका मर्ज यसअघि कहिल्यै मन्त्री हुनुभएको थिएन । उहाँले युरोपमा बलियो नेतृत्व दिने वाचा गर्नुभएको थियो आफ्नो सैन्य बजेट कटौती गर्नुपर्ने आन्तरिक दबावबीच उहाँले युक्रेनलाई सहयोग बढाउने वाचा पनि गर्नुभएको छ ।

जर्मनी युक्रेनमा दोस्रो धेरै सैन्य सहयोग गर्ने देश हो। यो देशको अबको नेतृत्वले रुसविरुद्धको लडाइँमा पश्चिमा शक्तिहरूको विभाजनसँगै युक्रेनी राष्ट्रपतिलाई निरङ्कुश भएको आरोप लगाएका अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको सामना गर्नुपर्ने छ।यसअघि अमेरिकी उपराष्ट्रपति जेडी भान्स र अर्बपति इलोन मस्कले एफडीको नेतृत्वलाई खुलेर समर्थन गरेपछि त्यसले कैयौं जर्मनहरूलाई चकित तुल्याएको थियो। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले मर्जको जितलाई स्वागत गर्दै उहाँलाई बधाइ दिनुभएको छ ।

युरोपेली देशहरूले पनि मर्जको जितलाई स्वागत गरेका छन्। बेलायतेका प्रधानमन्त्री किअर स्टार्मरले दुवै देशको सुरक्षा बनाउन मेर्जसँग सहकार्य हुने विश्वास व्यक्त गर्नुभएको छ । फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रौंले विश्व र आफ्नो महादेशले सामना गरिरहेको चुनौतीविरुद्ध एक हुन आह्वान गर्नुभएको छ ।

# मध्य मेक्सिकोमा बन्दुकधारीको आक्रमणबाट आठ जनाको मृत्यु



एएफपी

सेलाया । मेक्सिकोको हिंसात्मक हुने स्थानमध्येको एक राज्य सेलायामा बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा आठ जनाकोमृत्युभएकोछाग्वानाजुआटोको सडकमा शनिबार राति पाँच महिला र तीन पुरुषको हत्या भएको सरकारी वकिलको कार्यालयले जनाएको छ ।

ग्वानाजुआटो एक समृद्ध औद्योगिक केन्द्र हो र धेरै लोकप्रिय पर्यटन गन्तव्य हो भने यहाँ हुने हिंसात्मक गतिविधिका कारण यसलाई मेक्सिकोको एक हिंस्रक राज्य पनि मानिन्छ ।सन् २०२३ मा बन्दुकधारीले जल उद्यानमा आक्रमण गरी एक बालकसहित सात जनाको हत्या गरेको थियो ।नेसनल गार्डले आइतबार ग्वानाजुआटोमा सान्टा रोजा डे लिमा कार्टेलका लागि आक्रमणको नेतृत्व गरेको पहिचान गरिएको भनिएका एक व्यक्तिलाई पक्राउ गरेको छ ।

ग्वानाजुआटोमा भएको हिंसालाई 'सान्टा रोजा डे लिमा' गिरोह र ल्याटिन अमेरिकी राष्ट्रको सबैभन्दा शक्तिशाली मध्येको एक 'जालिस्को न्यू जेनेरेसन कार्टेल'बीच चलिरहेको द्वन्द्वसँग जोडिएको छ।मेक्सिकोमा सन् २००६ मा मानव बेचबिखन नियन्त्रणका लागि सेना परिचालन गरेयता लागूऔषधसम्बन्धी हिंसामा परी चार लाख ८० हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको सरकारी तथ्याङ्कले देखाएको छ ।

# युक्रेन युद्ध तेस्रो बर्षमा



एएफपी

किएभ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनमा शान्तिस्थापनाका लागि आफू राष्ट्रपति पदबाट राजीनामा दिन तयार रहेको बताउनुभएको छ । सोमबारको युरोपेली बैठकलाई उद्धृत गर्दै उहाँले भन्नुभयो, "यदि युरोपेली देशहरूबीच मतभेद भयो भने त्यो दुःखी परिवारजस्तो हुनेछ ।"

सोमबारदेखि युक्रेनमा हुने युरोपेली नेताहरूको बैठकका सन्दर्भमा सोधिएको एक प्रश्नको जवाफमा उहाँले त्यहाँ केही कठिन निर्णय गर्न बाँकी रहेको बताउनुभयो । युक्रेनी अधिकारीका अनुसार नेताहरूले बैठकमा आफ्नो आगामी रणनीतिबारे छलफल गर्नेछन् भने जेलेन्स्कीले युक्रेनको सुरक्षा प्रत्याभूतिको बारेमा पनि कुरा गर्नुहुनेछ ।जेलेन्स्कीले भन्नुभयो, "यो युद्ध हो, बच्चाको खेल होइन। हामीलाई साझेदारी चाहिएको छ, हामीलाई सहयोग चाहिएको छ, तर हामी हाम्रो स्वतन्त्रता गुमाउन सक्दैनौं र हामी हाम्रो सम्मान गुमाउन सक्दैनौं।"

नयाँ अमेरिकी प्रशासनको चर्को आलोचना खेपिरहेका जेलेन्स्कीले अमेरिकी राष्ट्रपतिले आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिनलाई भेट्नुअघि डोनाल्ड ट्रम्पलाई भेट्न चाहेको पनि बताउनुभएको छ । जेलेन्स्कीले युद्ध अन्त्यका लागि कुनै पनि सम्झौताअन्तर्गत युक्रेनलाई उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो)को सदस्यता दिन माग गर्दै आउनुभएको छ तर वासिङ्टन नेतृत्वको गठबन्धनले प्रतिबद्धता जनाउन आनाकानी गर्दै आएको छ ।

"यदि युक्रेनमा शान्ति स्थापना हुन्छ र यसका लागि वास्तवमै मेरो पद छोड्न आवश्यक छ भने, म पद छोड्न तयार छु", जेलेन्स्कीले किएभमा पत्रकार सम्मेलनमा भन्नुभयो, "म यसलाई नाटोको सदस्यताका लागि त्याग गर्न सक्छु।"उहाँले युक्रेनको स्रोतसाधनमा सम्झौताका लागि अमेरिकासँग छलफल गर्न पनि आफू तयार रहेको बताउनुभएको छ । जेलेन्स्कीले भन्नुभयो, "युक्रेनलाई युरोप र अमेरिका दुवैको समर्थन आवश्यक रहेको बताउनुभयो ।"

> हालै, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस-युक्रेन युद्ध रोक्न साउदी अरबमा रुससँग छलफल गर्ने बताउनुभएको थियो ।

ट्रम्प-पुटिन वार्ताप्रति जेलेन्स्कीले कडा प्रतिक्रिया दिँदै युक्रेनको सहभागिताबिना कुनै पनि शान्ति सम्झौता बेकार हुने उहाँले बताउनुभयो । हालै, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस-युक्रेन युद्ध रोक्न साउदी अरबमा रुससँग छलफल गर्ने बताउनुभएको थियो ।

वार्ताका लागि मिति घोषणा गरिएको छैन र अमेरिकाले यसका लागि युक्रेनलाई पनि निमन्त्रणा गरेको छैन ।

जेलेन्स्कीले युद्ध रोक्ने विषयमा हुने कुनै पनि छलफलमा युक्रेनलाई समावेश गर्न आवश्यक रहेको बताउँदै आउनुभएको छ । युक्रेनबाहेक धेरै युरोपेली देशले पनि यस्ता वार्तामा युक्रेनसँगै युरोपलाई पनि सहभागी गराउनुपर्ने बताएका छन् ।जेलेन्स्कीले पनि आफ्नो चिन्ता सुरक्षा ग्यारेन्टीको बारेमा रहेको बताउनुभएको छ । उहाँले सम्झौतापछि रूसले भविष्यमा युक्रेनमाथि आक्रमण नगर्ने सुनिश्चितता गराउन चाहनुहुन्छ ।

# अफगानिस्तानमा बेलायती दम्पती पक्राउ

एएफपी

लण्डन । अफगानिस्तानमा तालिबान अधिकारीहरूले एक वृद्ध बेलायती दम्पतीलाई पक्राउ गरेका छन् ।

विद्यालय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएका बेलायती दम्पत्तिलाई तालिवान प्रशासनले पक्राउ गरेको उनीहरूकी छोरी सारा एन्ट्विस्टलले सोमबार बताउनुभएको छ ।

उहाँले बेलायती कूटनीतिज्ञहरूलाई उनीहरूको रिहाईका लागि 'आफ्नो शक्तिले भ्याएसम्म' गर्न आग्रह गर्नुभएको छ ।

सत्तरी वर्ष पुगेका पिटर र बार्बी रेनोल्ड्सले अफगानिस्तानमा १८ वर्षदेखि विद्यालय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएका थिए र उनीहरूलाई तीन हप्ता पहिले पक्राउ गरिएको थियो ।

पक्राउ परेका बेलायती दम्पत्तिकी छोरी सारा एन्ट्विस्टल र उनका तीन भाइले सुरुमा बेलायती अधिकारीहरूलाई रिहाइका लागि सामेल नगराउने निर्णय गरेका तर तालिवान प्रशासनले आफूहरूको आवाजनसुनेपछिसार्वजनिकअपिल गरेको सोमबार टाइम्सरेडियोसँग साराले बताउनुभयो ।

"हाम्रा आमाबाबुले सधैं तालिबानसँग मिलेर कार्यक्रम सञ्चालन गर्न चाहेकोले हामी उनीहरूलाई यो हिरासतको कारण बताउने मौका दिन चाहन्थ्यौं," उहाँले भन्नुभयो ।

"तर, तीन हप्ताभन्दा बढीको मौनता पछि, हामी अब प्रतीक्षा गर्न सक्दैनौं। अब हामी बेलायती वाणिज्य दूतावासलाई तत्काल हामीलाई जवाफ दिलाउन र उनीहरूको रिहाईका लागि तालिबानमाथि सक्दो दबाब दिन आग्रह गरिरहेका छौं ।

तालिवान प्रशासन र बेलायती विदेश मन्त्रालयले दम्पतीको गिरफ्तारीबारे टिप्पणी गर्न अस्वीकार गरेको छ ।सन् १९७० मा काबुलमा विवाह गरेका रेनोल्ड्स सन् २०२१ मा तालिवानले कब्जा गरेपछि बेलायती दूतावासले आफ्ना कर्मचारी फिर्ता बोलाएपछि अफगानिस्तान मै रहेका थिए ।

'द सन्डे टाइम्स' पत्रिकाका अनुसार फेब्रुअरी १ मा पक्राउ गरिएको घटना ३० वर्षभन्दा माथिका अफगान आमाहरूलाई अभिभावकत्वसम्बन्धी सीप सिकाउनेसँग सम्बन्धित थियो।

"मेरी आमा ७५ वर्षकी हुनुहुन्छ र मेरो बुबा लगभग ८० वर्षका हुनुहुन्छ ।

## ॥ हार्दिक श्रद्धाञ्जली ॥



स्व. रामजुक्ति यादव

यस धनुषा निर्माण व्यवसायी संघका निवर्तमान महासचिव एवं रमेश कन्सट्रक्सन प्रा .लि. का सन्चालक रमेशकुमार यादव ज्यू का प्रात स्मरणीय पिता **रामजुक्ति यादव** को ८४ बर्षको उमेरमा निधन भएकोमा स्तब्ध छौं। मृत आत्माको चिर शान्तीको कामना गर्दै मृतक परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अशोक कुमार चौधरी**
(अध्यक्ष)
**रूपेश कुमार सिंह**
(महासचिव)
एवं
**धनुषा निर्माण व्यवसायी संघ**
जनकपुरधाम, धनुषा

# इयूका उच्च कूटनीतिज्ञ युक्रेनबारे वार्ताका लागि अमेरिका जाँदै

एएफपी

ब्रसेल्स । युरोपेली सङ्घ (इयू) का विदेश नीति प्रमुख काजा कल्लासले आफ्ना समकक्षी मार्को रुबियोसँग वार्ताका लागि मङ्गलबार अमेरिका जाने बताउनुभएको छ । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले मस्कोसँग तीन वर्षदेखि जारी युद्ध अन्त्यका लागि वार्ता सुरु गरेर किएभ र यसका समर्थकहरूलाई किनारा लगाएपछि युरोप अमेरिकालाई आफ्नो आवाज सुनाउन आतुर छ ।

"तपाईं (रुसी राष्ट्रपति भ्लादिमिर) पुटिनसँग जे चाहनुहुन्छ त्यही छलफल गर्न सक्नुहुन्छ, तर यदि यो युरोप वा युक्रेनको कुरा आउँछ भने युक्रेन र युरोपले पनि यो सम्झौतामा सहमति जनाउनुपर्छ," सोमबार इयूका विदेशमन्त्रीहरूको बैठकमा पत्रकारहरूसँग अमेरिकी राष्ट्रपतिलाई सङ्केत गर्दै कल्लासले भन्नुभयो ।

अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेनलाई कमजोर बनाउन चाहेको आशङ्कालाई बढावा दिनुभएको छ । उहाँले राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीविरुद्ध व्यापक दवाव सिर्जना गर्नुभएको छ ।

यसले रूसी बयानबाजीलाई प्रतिबिम्बित गर्दछ, जसमा उनलाई 'तानाशाह' पनि भनिएको छ।

"संयुक्त राज्य अमेरिकाबाट आएका सन्देशहरू हेर्ने हो भने, यो स्पष्ट छ कि त्यहाँ रूसी आवाजलाई धेरै बलियो रूपमा प्रतिनिधित्व गरिएको छ," कल्लासले भन्नुभयो ।फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रौंले सोमबार ह्वाइट हाउसमा अमेरिकी नेतालाई भेट्ने कार्यक्रम तय भएपछि ट्रम्प प्रशासनमा युरोपेली समुदायको बढ्दो पहुँचबीच कल्लासको वासिङ्टन भ्रमण हुन लागेको हो ।

## व्यावसायिक कफीखेतीमा जुट्दै किसान

भोजपुर । भोजपुरका किसान व्यावसायिक कफीखेतीमा जुटेका छन् । विगत सामन्य रुपमा कफीको खेती गर्दै आएका किसान यहाँको उत्पादन बाह्य बजारमा जान थालेपछि व्यावसायिक कफी खेतीमा जुटेका हुन् ।

भोजपुरको हतुवागढी गाउँपालिकाको सिन्द्राङ, होम्ताङ, लुङ्गिन, लुम्थुङसँगै आमचोक गाउँपालिकालगायत क्षेत्रका किसानले यसको खेती गरिरहेका छन् । यहाँका किसानले उत्पादन गरेको कफी, धरान, इटहरी, विराटनगर काठमाडौँ हुँदै जापान, कोरियासम्म जाने गरेको स्थानीय कफी व्यवसायी सुनिल श्रेष्ठले बताउनुभयो ।

अर्गानिक९जैविक० कफीको विदेशी बजारमासमेत माग रहेको उहाँको भनाइ छ । भोजपुरमा उत्पादन भएको कफी सङ्कलन गरेर बाहिरका बजारमा आफूले बिक्री गर्दै आएको श्रेष्ठले जानकारी दिनुभयो । यो वर्ष यहाँबाट करिब पाँच हजार किलोग्राम कफीको कच्चापदार्थ निर्यात भएको उहाँले बताउनुभयो । धेरै किसानले कफीको खेती विस्तार गरिरहेकाले आगामी दिनमा भोजपुरबाट निर्यात हुने कफीको मात्रा बढ्ने उहाँको भनाइ छ ।

ल्याब परीक्षण गरेर अर्गानिक ठहरिएको खण्डमा समुद्री सहतबाट एक हजार एक सय मिटरदेखि एक हजार पाँच सय मिटर उचाइसम्म उत्पादन भएको अर्गानिक कफीको बाहिरको बजारमा बढी माग रहेको व्यवसायी श्रेष्ठले बताउनुभयो । "पछिल्लो समय भोजपुरका किसान व्यावसायिक रुपमा कफीखेती विस्तारमा जुटेका छन्"व्यवसायी



श्रेष्ठले भन्नुभयो,"यहाँ उत्पादन भएको अर्गानिक कफी देशका ठूला सहरसँगै विदेशमासमेत जान थालेको छ । उत्पादन भएको कफी घरबाट नै बिक्री हुन थालेपछि व्यावसायिक कफीखेतीमा लाग्नेको सŧ्या बर्सेनि बढ्दै गएको अवस्था छ ।"

स्थानीय किसानले उत्पादन गरेको कफी घरबाट नै प्रतिकेजी रु एक सयमा बिक्री हुने गरेको छ । राम्रो फलेको कफीको एक बोटले २५ केजीदेखि ३० सम्म उत्पादन दिने व्यवसायी श्रेष्ठले बताउनुभयो । प्रशोधन गरेको कफीको दाना सहरका बजारमा प्रतिकेजी रु पाँच सयमा बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो । यहाँका करिब दुई सयजना किसानले कफीखेती गरिरहेको श्रेष्ठले बताउनुभयो ।

हतुवागढी क्षेत्र कफीको लागि उपयुक्त रहेकोले यसको खेतीमा जोड दिएको गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताउनुभयो । कोशी प्रदेश सरकारसँगको सहकार्यमा व्यावसायिक कफी खेतीको विस्तारको लागि प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिने अध्यक्ष राईको भनाइ छ । कफी खेतीको विकास तथा विस्तारको लागि प्रदेश सरकारबाट रु दश लाख बजेट विनियोजन भएकाले गाउँपालिकाले पनि साझेदारी गरेर कार्यक्रम सञ्चालन तयारी गरेको उहाँले बताउनुभयो ।

"हाम्रो हतुवागढी क्षेत्र कफी खेतीको लागि राम्रो भूगोल मानिन्छ"अध्यक्ष राईले भन्नुभयो,"किसानले अहिले पनि यसको खेती गरिरहेका छन् । कफी खेतीको थप विस्तार तथा विकासका लागि प्रदेश सरकारसँगको सहकार्यमा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने तयारीमा छौँ ।" विगतमा राम्रो बजार नभए पनि अहिले यहाँ उत्पादन भएको कफी बाहिरको बजारमा जान थालेको अध्यक्ष राईले बताउनुभयो ।रासस

# तरकारी र फलफूलको थोक मूल्य



काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले सोमबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । सोमबार गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रु ५०, गोलभैँडा सानो (लोकल) प्रतिकेजी रु २२, गोलभैँडा सानो (तराई) प्रतिकेजी रु २३, आलु रातो प्रतिकेजी रु ३४, आलु रातो (भारतीय) प्रतिकेजी रु ३२, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७३, गाजर (लोकल) प्रतिकेजी रु ३५, गाजर (तराई) प्रतिकेजी रु ३०, बन्दा (लोकल) प्रतिकेजी रु १५, बन्दा (तराई) प्रतिकेजी रु १२, बन्दा (नरिवल) प्रतिकेजी रु १२, काउली स्थानीय प्रतिकेजी रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २५, काउली (तराई) प्रतिकेजी रु २०, मूला रातो प्रतिकेजी रु ४५, मूला सेतो (लोकल) प्रतिकेजी रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु २५, भन्टा डल्लो प्रतिकेजी रु ६० कायम भएको छ ।

यसैगरी, मटरकोसा प्रतिकेजी रु ६०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ७०, घिउ सिमी (राजमा) प्रतिकेजी रु १०० टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु १३०, लौका प्रतिकेजी रु ५०, घिरौला प्रतिकेजी रु ११०, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु १५, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु १५, भिण्डी प्रतिकेजी रु १३०, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४५, पिँडालु प्रतिकेजी रु १३०, स्कूस प्रतिकेजी रु ४५, रायो साग प्रतिकेजी रु २५, पालुङ्गो साग प्रतिकेजी ५०, चमसुरको साग रु ५०, तोरीको साग प्रतिकेजी रु २५, मेथीको साग प्रतिकेजी रु ६०, प्याज हरियो प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ७०, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु १००, च्याउ (डल्ले) प्रतिकेजी रु ४०० निर्धारण गरिएको छ । ब्रोकाउली प्रतिकेजी रु ४०, चुकुन्दर प्रतिकेजी रु ७०, रातो बन्दा प्रतिकेजी रु ७०, जिरीको साग प्रतिकेजी रु ६०, ग्याठ कोबी प्रतिकेजी रु ४०, सौफको साग प्रतिकेजी रु ६०, पुदिना प्रतिकेजी रु ३००, गान्टे मूला प्रतिकेजी रु ६०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२० र गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २००, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १५०, कागती प्रतिकेजी रु १८०, अनार प्रतिकेजी रु ३८०, अङ्गुर (हरियो) प्रतिकेजी रु १८०, अङ्गुर (कालो) प्रतिकेजी रु २५०, सुन्तला (नेपाली) प्रतिकेजी रु १७०, सुन्तला (भारतीय) प्रतिकेजी रु ११०, तरबुजा प्रतिकेजी रु ५०, मौसम प्रतिकेजी रु १५०, जुनार प्रतिकेजी रु ११०, भुइँ कटहर प्रतिगोटा रु १८०, काँक्रो (लोकल) प्रतिकेजी रु १००, काँक्रो (हाइब्रिड) प्रतिकेजी रु ४५, रुख कटहर प्रतिकेजी रु ११०, नासपाती (चाइनिज) प्रतिकेजी रु २४०, मेवा (नेपाली) प्रतिकेजी रु ६०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १४०, लप्सी प्रतिकेजी रु १२०, खरबुजा प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ४००, किबी प्रतिकेजी रु ४८० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ६०, भेडे खुर्सानी प्रतिकेजी रु ७०, लसुन हरियो प्रतिकेजी रु ७०, हरियो धनिया प्रतिकेजी रु ५०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु ६०, ताजा माछा (रहु) प्रतिकेजी रु ४२०, ताजा माछा (बचुवा) प्रतिकेजी रु ३००, ताजा माछा (छडी) प्रतिकेजी रु ३००, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु १००० तोकेको छ ।रासस

# केराको 'फाइबर'बाट हस्तकलाका सामग्री

वालिङ ।स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले केराको 'फाइबर'बाट हस्तकलाका सामग्री बनाउँदै आएको छ । गाउँपालिकाले नवप्रवर्तन साझेदारी कृषि कार्यक्रम अन्तरगत स्थानीय कच्चा स्रोतको व्यापारिक उपयोगितासम्बन्धी परियोजनामार्फत गण्डकी प्रदेशसँगको साझेदारीमा हस्तकलाका सामग्री बनाउँदै आएको हो ।

आव २०७९/८० मा प्रदेशको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत लागत साझेदारीमा परियोजना सञ्चालनमा आएको हो । रु एक करोड लागत साझेदारी रहेको उक्त परियोजनामार्फत व्यावसायिकता अभिवृद्धिका लागि हस्तकलाका सामग्री बनाउने ४५ दिने तालिम दिएको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले बताउनुभयो।

फाइबरका लागि कच्चापदार्थको रुपमा केराको थाम आवश्यकपर्ने भएकाले किसानलाई निःशुल्क केराका बोट उपलब्ध गराएको उहाँले बताउनुभयो ।"फाइबरका लागि केराको थाम आवश्यकपर्छ, यसलाई प्रशोधन गरी डोरी बनाइन्छ" उहाँले भन्नुभयो, "४५ दिने तालिम लिएकामध्ये हाल दैनिक ज्यालादारीमा सात महिलाले नियमितरुपमा हस्तकलाका सामग्री बनाउँदै आउनुभएको छ ।

किसानले लगाएको केराबाट उत्पादन लिइसकेपछि खेर जाने केराको थाम पालिकाले निश्चित शुल्क तिरेर खरिद गरिदिने गरेको उहाँले बताउनुभयो। गाउँपालिकाले फाइबरका लागि आवश्यक पर्ने कच्चापदार्थ केराको थाम उत्पादन गर्न पालिकाभित्रका किसानलाई मागका आधारमा बीस हजार केराका बेर्ना निःशुल्क वितरण गरेको थियो । पालिकाले किसानबाट प्रति थाम रु २५ देखि रु४५ सम्ममा खरिद गर्दै आएको छ ।

त्यसै खेर जाने केराको थामलाई प्रशोधन गरी विभिन्न हस्तकलाका सामग्री बनाउँदै आएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो । बाहिरबाट आयात हुने अतिथि सत्कारका सामग्रीलाई निरुत्साहित गर्दै स्थानीय कच्चापदार्थको प्रयोग गरी यहीँ बनाइएका हस्तकलाका सामग्रीको प्रयोगमा जोड दिइएको अध्यक्ष थापाले बताउनुभयो ।

"गाउँपालिकामार्फत अहिले खादा, गलैँचा, झोला बनाउँदै आएका छौँ" अध्यक्ष थापाले भन्नुभयो, "अब गुणस्तरीय र बजारमा माग हुने किसिमका हस्तकलाका सामग्री उत्पादनमा जोड दिन्छौँ ।"पछिल्लो समय बढ्दो प्लास्टिकजन्य फोहरकाकारण वातावरणमा असर भइरहेका बेला खेर जाने केराको थामको प्रयोगबाट हस्तकलाका सामग्री बनाएर प्रयोग गरिने अध्यक्ष थापाले बताउनुभयो ।

गाउँपालिकाले उत्पादन गरेको खाँदा, गलैँचा, मायाको चिनोसहित आगामी दिनमा फाइबरको झोला बनाउने तयारी गरेको छ । यहाँ उत्पादन भएका सामग्री गाउँपालिका आँफैले प्रयोग गर्ने र अन्यत्र पनि पठाउँदै आएको छ। गाउँपालिकाले दैनिक ज्यालादारी उपलब्ध गराउने गरी सात जनालाई रोजगारीसमेत दिएको छ । केराको फाइबरबाट बनाइएका हस्तकलाका सामग्रीको प्रयोगकर्ता बढ्दै गएका छन् ।रासस

# 'तरल नाइट्रोजन प्लान्ट' बन्दै

कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले राजधानी सुर्खेतको वीरेन्द्रनगरमा बन्न लागेको 'तरल नाइट्रोजन प्लान्ट' भवनको सोमबार शिलान्यास गर्नुभएको छ ।

कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहतको पशुपन्छी विकास निर्देशनालयको परिसरमा उक्त भवन निर्माण गर्न लागिएको हो ।

रु चार करोड ८५ लाखको लागतमा सो भवन निर्माण गर्न लागिएको हो। भवन शिलान्यास गर्दै मुख्यमन्त्री कँडेलले उन्नत जातका पशुपन्छी उत्पादन गर्न प्लान्ट भवन निर्माणले सहज हुने बताउनुभयो । यस्तै तरल नाइट्रोजन प्लान्ट स्थापनाले प्रदेशलाई दूधमा समेत आत्मनिर्भर बनाउन मद्दत पुग्ने उहाँको भनाइ छ ।

प्लान्ट स्थापनापछि गाई, भैँसीको नस्ल सुधार, उच्च गुणस्तरका पाडा र बाच्छा उत्पादन गर्ने लक्ष्य छ ।

मन्त्रालयले गत आर्थिक वर्षमा रु ४० लाखको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर काम अगाडि बढाएको थियो । यसबाट पशुको वीर्य भण्डारण र कृत्रिम गर्भाधान नस्ल सुधार गर्न सहज हुने छ ।

प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाहले बाहिरबाट खरिद गरेर ल्याइएका उच्च जातका राँगा र साँढेको वीर्यलाई सुरक्षित राख्न र कृत्रिम गर्भाधान प्रक्रियामा प्रयोग गर्न भवन सहयोगी हुने बताउनभयो ।रासस

## Invitation for the Application of Resource Persons

**First published on: 25 February 2025**

Nepal Academy of Tourism and Hotel Management (NATHM), Bardibas, Mahottari invites application for Resource Persons on the following Subjects of Bachelors in Hospitality Management (BHM), Kathmandu University. Resource persons will be employed as per requirement on Course Contract. Interested Candidates can apply with CV and academic certificates till March 10, 2025 (2081/11/26 ) to our e-mail address bardibas@nathm.edu.np or in person at NATHM, Bardibas office.

Eligibility for BHM: Master's degree with at least second division (or its equivalent CGPA) having three years of experience. MPhil or PhD will be preferred.

| S.N. | Subjects | S.N. | Subjects |
|---|---|---|---|
| 1. | The Contemporary Hospitality and Tourism Industry | 17 | Hospitality Industry Law |
| 2. | Room division Operation | 18 | Behavioral Economic |
| 3. | Food and Beverage Service Operation and Management | 19 | Organizational Behavior and Productivity Management |
| 4. | Fundamental of Hospitality Management & Leadership | 20 | Research Methodology & Statistics |
| 5. | Food Production Operations and Management | 21 | Marketing & Sales for Hospitality Business |
| 6. | English for Hospitality | 22 | Research Project and Diploma Paper |
| 7. | Travel and Tourism Service Operation | 23 | Entrepreneurship for Hospitality |
| 8. | Food Science, Nutrition & Sanitation | 24 | Tourism Destination Management |
| 9. | Ethics and Fair Society | 25 | Managing Productivity through people |
| 10. | Success Skills (Professionalism in Hospitality) | 26 | Service Quality Management |
| 11. | Financial Management in Hospitality Industry | 27 | Sustainable Hospitality Environment |
| 12. | Hospitality Business Software Applications | 28 | Property, Safety and Security Management |
| 13. | Business Communication & Writing Skills | 29 | Managerial Accounting for Hospitality Industry |
| 14. | Oenology and Beverage Knowledge | 30 | Management of Function & Events |
| 15. | International Foreign Language (Chinese/German/French/Spanish) | 31 | Adventure Tourism |
| 16. | Bakery Practical | 32 | Barista Practical |

Nepal Academy of Tourism and Hotel Management (NATHM), Bardibas, Mahottari invites application for Resource Persons on the following Subjects for training sections.

Eligibility for Trainer (Tourism Sector ) : Master's degree in related subject OR, 10 years' experience in related field.

Eligibility for Trainer (Hotel Sector): Bachelor Degree in Hotel Management/ Diploma and 5 years of experience.

| S.N | Subjects ( Hotel Sector) | S.N | Subjects ( Tourism Sector) |
|---|---|---|---|
| 1. | Basic Food Prepration | 1. | Religion |
| 2. | Basic Food and Beverage Service | 2. | Geography |
| 3. | Barista | 3. | Culture |
| 4. | Bakery and Pastry | 4. | Environment |
| 5. | Bartending | 5. | First Aid |
| 6. | Basic Housekeeping | 6. | Tourism management |
| 7. | Housemaid | 7. | History |
| | | 8. | Communication and Leadership |
| | | 9. | Tour Guiding and Commentary |

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/११/१३ गते)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

**निजगढ शाखा**

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, बाणिज्य मन्त्रालय, बाणिज्य बिभाग, घरेलु तथा साना उद्योग कार्यालय बारा, कलैयामा मिति २०७७/१२/०२ मा प्रा.फ.र.नं.१०६९९/०७७/७८ दर्ता कायम रही बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं.०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **साहिन खाद्य सप्लायर्स । प्रोपाईटर सहीना खातुन** | १. **सहीना खातुन**को नाममा मालपोत कार्यालय, बारा कलैयामा दर्ता कायम रहेको बारा जिल्ला, भवानीपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १४३ को क्षे.फ. ०-०-१६ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।<br>२. **अजहर हुसेन मन्सुर**को नाममा मालपोत कार्यालय, बारा कलैयामा दर्ता कायम रहेको बारा जिल्ला, भवानीपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १४२ को क्षे.फ. ०-०-१६ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **सहीना खातुन**<br>ना.प्र.नं.- ८०२९१८०१<br>जारी मिति - २०५७/०१/१५, जि.प्र.का. पर्सा<br>बाबु - अमरुल्लाह मिया<br>बाजे - रसिद मिया<br>स्थायी ठेगाना- पर्सा जिल्ला, सवैठवा गा.वि.स., वडा नं. ०५<br>हालको ठेगाना- बारा जिल्ला, कलैया उ.म.न.पा., वडा नं. ०२ | २. **अजहर हुसेन मन्सुर**<br>ना.प्र.नं.- ३३३०५५/५७,<br>जारी मिति - २०६३/११/०१, जि.प्र.का. पर्सा<br>बाबु - सफायद मनसुर<br>बाजे - इसहाक मनसुर<br>स्थायी ठेगाना- बारा जिल्ला, कलैया गा.वि.स., वडा नं. ०३<br>हालको ठेगाना- बारा जिल्ला, कलैया उ.म.न.पा, वडा नं. ०२ |

| २. ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **रमिला घिमिरे**<br>ना.प्र.नं.- ३३३०११/२९२३,<br>जारी मिति - २०६३/१०/१२, जि.प्र.का. बारा<br>बाबु - हरि प्रसाद घिमिरे<br>पति- अरुण कुमार तिमल्सिना<br>स्थायी ठेगाना- बारा जिल्ला, निजगढ न.पा., वडा नं. ०५<br>हालको ठेगाना- ऐ.ऐ | १. **अरूण कुमार तिमल्सिना**<br>ना.प्र.नं.- ३३३०११/२२१४<br>जारी मिति - २०६३/१०/१३, जि.प्र.का. बारा<br>बाबु - टुक बहादुर तिमल्सिना<br>बाजे - शिव बहादुर तिमल्सिना<br>स्थायी ठेगाना- बारा जिल्ला, निजगढ न.पा., वडा नं. ०५ (साविक निजगढ गा.बि.स., वडा नं ०६)<br>हालको ठेगाना- ऐ.ऐ |

**धितो सुरक्षणको विवरण**

१. **रमिला घिमिरे**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. २२९७ को क्षे.फ. ०-०-१० (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**ताराताल, बर्दिया शाखा**

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **गोमा के.सी.**<br>ना.प्र.नं.- ७०८५-३४३८६८६२<br>जारी मिति - २०५५/१२/०१, जि.प्र.का. बर्दिया<br>बाबु - दधिराम पौडेल<br>बाजे - खेमानन्द पौडेल<br>स्थायी ठेगाना-बर्दिया जिल्ला, गुलरिया न.पा.,वडा नं. ०२<br>हाल ठेगाना- बर्दिया जिल्ला, गुलरिया न.पा., वडा नं. ०४ | १. **गोमा के.सी.**को नाममा मालपोत कार्यालय, बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ८ख स्थित कित्ता नं. ३४०९ को क्षे.फ. ०-१-० (बि-क-धु) जग्गा र उक्त जग्गामा भएको सोको सम्पूर्ण लिगलगापातहरु समेत ।<br>२. **गोमा के.सी.**को नाममा मालपोत कार्यालय, बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, खैरापुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६४५ को क्षे.फ. ०-५-० (बि-क-धु) जग्गा र उक्त जग्गामा भएको सोको सम्पूर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **भरत बहादुर के.सी.**<br>ना.प्र.नं.- ६५११२८-४६३६१४०४<br>जारी मिति - २०४५/०९/१२, जि.प्र.का. बर्दिया<br>बाबु - कुल बहादुर खत्री क्षेत्री<br>बाजे - टिका बहादुर खत्री क्षेत्रीको<br>स्थायी ठेगाना-बर्दिया जिल्ला, खैरापुर गा.वि.स. वडा नं. ०१<br>हाल ठेगाना - बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ०४ | २. **अर्जुन के.सी.**<br>ना.प्र.नं.- ६५१००१-३५१८<br>जारी मिति - २०६८/०२/१८, जि.प्र.का. बर्दिया<br>बाबु - भरत बहादुर के.सी.<br>बाजे - कुल बहादुर खत्री<br>स्थायी ठेगाना- बर्दिया जिल्ला, गुलरिया न.पा., वडा नं. ०२<br>हाल ठेगाना- बर्दिया जिल्ला, गुलरिया न.पा., वडा नं. ०४ |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

# सिन्हाविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय नागरिक अशोककुमार सिन्हा र उनकी छोरी निवेदिका सिन्हाविरुद्ध ५३ करोड ९८ लाख ३१ हजार ४४४ रुपैयाँ विगो कायम गरी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मुद्दा चलाएको छ।

अशोककुमार र उनकी छोरी निवेदिकाले राजस्व चुहावटको कसुर गरी सम्पत्ति शुद्धीकरण गरेको भन्दै विभागले उच्च अदालत जनकपुर अस्थायी इजलास, वीरगञ्जमा निवेदन दिएको हो।

विभागमा दर्ता भएको उजुरी/सूचनाउपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादीहरूले राजस्व चुहावटको कसुर गरी सो कसुरबाट आर्जित रकमको कारोबार नेपालका वित्तीय संस्थाहरूमा खाता खोली कसुरबाट प्राप्त रकम भएको विभागको ठहर गरेको छ।

बुवा-छोरीले जानीजानी मुद्दती निक्षेपमा जम्मा गरी सोबाट निरन्तर लाभ लिने कार्य गर्नुका साथै सम्पत्तिको स्रोत र स्वरुपमा परिवर्तन गरी गराई




सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१)को देहाय खण्ड (क) (ख) (ग) ले निषेधित कार्यहरू गरेको विभागले जनाइएको छ।

विभागले सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आएको भन्दै अशोककुमारलाई ३४ करोड २४ लाख ३१ हजार ४८० रुपैयाँ ८९ पैसा विगो कायम गरिएको छ। त्यस्तै, निवेदिकालाई विगो १९ करोड ७३ लाख ९९ हजार ९६४ रुपैयाँ बिगो कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम विगोको दोब्बर जरिवाना र कसुरको मात्राअनुसार कैद सजाय माग गरिएको छ।

यसका साथै, प्रतिवादीहरूका नामको बैंक मौज्दात, निवेदिका सिन्हाको नामको जग्गा एवं अपार्टमेन्ट खरिदका लागि दिएको पेश्की रकम र सम्पत्ति समेत यही ऐनको दफा ३४ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम जफत गरी पाउन माग दाबी गरिएको छ।

यी दुईले सुन व्यापार गरेर अवैध सम्पत्ति आर्जन गरेर नेपाली बैंकहरूमा खाता खोली सम्पत्ति राखिएको र राजस्व अनुसन्धान विभागले अनुसन्धान गरी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा बुझाएको थियो।

# सरकारी डाक्टरले निजी अस्पतालमा पठाएको बिरामीको मृत्युपछि घटनाको छानबिनको माग

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको सदरमुकाम गौर १ स्थित गौर सेन्टर हस्पिटलका सर्जन डाक्टरको लापरबाहीका कारण एकजना युवकको मृत्यु भएको दाबी गर्दै पीडित परिवारले घटनाको छानबिन गर्न माग गरेका छन्।

डाक्टरले लापरबाही पूर्वक गौर नगरपालिका ३ का धर्मेन्द्र अधिकारीका छोरा १८ बर्षीय लालु अधिकारीको आन्द्राको शल्यक्रिया (अपरेसन) गर्दा मृत्यु भएको भन्दै मृतकका काका देवी भन्ने देवेन्द्र अधिकारी अधिकारीले घटनाको छानबिन गर्न माग गरेका हुन्।

मृतकका काका अधिकारीका अनुसार मृतक लालु अधिकारी लाई पेट दुखेर उपचारको लागि सुरुमा सनिवार प्रादेशिक अस्पताल गौरमा भर्ना गरिएको थियो। त्यहाँ अल्ट्रासान्ड लगायत बिभिन्न जाँच गराएर हेरेपछि प्रादेशिक अस्पतालका मेडिकल अधिकृत डाक्टर घनश्याम ठाकुरले लालुको आन्द्रा फुटेको बताउँदै सरकारी अस्पतालमा राम्रो सेवा सुविधा नभएकाले अर्का डाक्टर पंकज साह संग सम्पर्क गर्न सुझाव सहीत दवाब दिएको देवीले बताएका छन्।

डाक्टर ठाकुरको सल्लाह अनुसार डाक्टर पंकजले बिरामी लाई प्रादेशिक अस्पतालबाट आन्द्राको अपरेसनका लागि गौर सेन्टर हस्पिटलमा पुऱ्याएका थिए। सेन्टरका सर्जन डाक्टर फिरोज अन्जुम, डाक्टर पंकज साह सहितले बिरामी लालुको पेटको अपरेसन गरेर मलाई अपरेसन थिएटरमै बोलाएर बाबुको यही आन्द्रा फुटेको थियो भनेर देखाउँदै अब केही बेरमा हामीले यसको स्टिच गर्छौ अनि ठीक हुन्छ भनेको मृतकका काका देवीले भने। देवीका अनुसार अपरेसन गरेको केही बेर पश्चात अस्पतालबाट फोन आयो तपाई तुरुन्त आउनुस् बिरामीको हालत क्रिटिकल भएको छ। यसलगत्तै त्यहाँ पुग्दा बिरामी अचेत श्वास पनि नचलेको जस्तो देखिएलगत्तै मैले फोन गरेर डाक्टर ठाकुरलाई बोलाएर देखाएको अनि गुनासो पनि गरे की तपाईहरुले सो अस्पतालमा पठाउनु भयो बच्चाको यस्तो अवस्था भएको थियो।



डाक्टर ठाकुरले पनि अक्सिजनसहित एम्बुलेन्समा राखेर अबिलम्व नेशनल मेडिकल कलेज वीरगंज लग्न सुझाव दिएका थिए। उनको सुझाव अनुसार शनिवार राति गौर अस्पतालबाट बिरामी लिएर नेशनल मेडिकलमा राति ११ बजे पुगेर बिरामीलाई अस्पतालको बेडमा राखिएको थियो।

त्यहाँ उपचार गर्न आएका डाक्टरले बिरामीको मृत्यु भएको बताएपछि मैले हारगुहार गर्दा ती डाक्टरले बिरामीको ३ घन्टा अघि नै मृत्यु भइसकेको बताइएको देवीले बताएका छन्।

अर्थात बिरामीको अपरेसनकै क्रममा मृत्यु भएको र डाक्टरले आफूहरु लाई झुक्याउन वीरगंज पठाएको देवीले दाबी गरेका छन्। उता बिरामीलाई वीरगंजतर्फ लिएर जानु र उपचारमा संलग्न डाक्टर फिरोज, पंकज सहितको टीम सहित फरार भएको उनले जानकारी दिएका छन्।

देवी अधिकारीले डाक्टर पंकज साह, फिरोज अन्जुम र घनश्याम ठाकुर अन्य केही चिकित्सकहरूको कमिशनको चलखेलका कारण बिरामीलाई जबर्जस्ती निजी अस्पतालमा पठाएको दाबी गरेका छन्।

सरकारी अस्पतालमा उपचार सम्भव हुँदाहुँदै पनि बिरामीलाई निजी अस्पतालमा पठाउनु दुःखद मात्र होइन आपराधिक कार्य हो उनको भनाइ रहेको छ। यस्तो लापरबाहीको कडा छानबिन हुनुपर्छ। उनीहरूले दोषी चिकित्सक र अस्पताल प्रशासनमाथि कडा कारबाहीको माग गर्दै आन्दोलनको चेतावनी समेत दिएका छन्।

मेडिकल अधिकृत डाक्टर घनश्याम ठाकुरले घटनामा आफू दोषी नरहेको बताएका छन्।

शनिबार डाक्टर पंकज साहसंगै अस्पतालमा ड्युटीमा थिए। सोही क्रममा लालू अधिकारीको आन्द्राको अपरेसन यहाँ सम्भव नभएको मैले बताएपछि डाक्टर पंकज साहले गौर सेन्टर हस्पिटल पठाउन भने र उनी म भन्दा सिनियर कन्सल्टेन्ट सर्जन भएकाले उनको कुरा मानेर पठाएको प्रतिक्रिया दिएका छन्।

डाक्टर फिरोज अन्जुमले उक्त अपरेसनको समय आफू बाहिर रहेकाले कुनै जानकारी नभएको तर विगत देखिनै डाक्टर पंकजले मेरो गौर सेन्ट्रल हस्पिटल प्रालिको अपरेसन थिएटर पटक पटक गर्दै आएकाले यस पटक पनि गरेको बताएका छन्।

प्रादेशिक अस्पतालका मेडिकल सुरिटेन्डेन्ट डाक्टर मुरारी ठाकुरले आन्द्राको अपरेसनको लागी प्रादेशिक अस्पतालबाट बिरामी बाहिर कसरी गयो अनुसन्धानको विषय भएको बताएका छन्। बिरामीको लक्षण अनुसार आन्द्रामा प्वाल परेर संक्रमण हुने, यस लाई मेडिकल भाषामा पेरी टोनाईसिस रोग भनिन्छ।

यसको अपरेसन जटिल प्रकृतिको हुन्छ बिरामीलाई पूर्णतया बेहोस गर्नु पर्छ डाक्टर ठाकुरले भने जसको लागि एमडी एनेस्थेटिक हुन जरुरी छ। प्रादेशिक अस्पतालमा एमडी एनेस्थेटिक डाक्टर नभएको कारण यस प्रकृतिका बिरामीलाई हामीले बिशेषज्ञ डाक्टर संग सल्लाह गरेर नारायणी अस्पताल बिरगंजमा रेफर गर्दै आएका छौं। तर लालुको अपरेसनको लागी गौर स्थित निजी अस्पतालमा पठाउनु गलत भएको डाक्टर ठाकुरले बताएका छन्।

बिगतमा प्रादेशिक अस्पताल गौरमा १ जना मात्र सर्जन डाक्टर हुँदा समस्या भएको कारण अस्पताल व्यवस्थापन समितिको पहलमा थप दुईजना सर्जन डाक्टरको ब्यवस्था गरिएको छ तर पनी यस्तो अवस्था आउनु दुःखद भएको उनको भनाइ रहेको छ।

प्रादेशिक अस्पतालमा कार्यरत केही नैतिकता नभएका डाक्टरले आफ्नो स्वार्थ पूर्तिका बिरामी लाई नीजि अस्पतालमा पठाउने गरेको बारे लिखित उजुरी आएकाले यसको सम्बन्धमा स्वास्थ मन्त्रालयमा कुरा राख्ने मेडिकल सुपरिटेन्डेन्ट डाक्टर मुरारी ठाकुरले प्रतिवद्धता जनाएका छन्।

अस्पताल विकास समितिका अध्यक्ष अनवर हासमिले घटना सम्बन्धमा डाक्टर ठाकुर, साह र अन्जुमसंग लिखित स्पष्टीकरण सोध्न लागिएको तथा कानुन अनुसार कारबाहीको प्रक्रिया अगाडि बढाउने बताएका छन्।

यसैबीच नेकपा एमालेका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज अजय कुमार गुप्ता पीडित परिवारसँग भेटगरी घटनाप्रति गहिरो दुःख व्यक्त गरेका छन्। उनले घटनाको निष्पक्ष छानबिन तथा पीडित परिवारलाई न्याय पाउनु पर्ने बताएका छन्।

# राराब क्याम्पसमा कर्मचारीहरुबीच कुटाकुट

**टुडे समाचारदाता**

जनकपुरधाम । रामस्वरुप रामसागर बहुमूखी (राराब) क्याम्पसमा परीक्षाको जिम्मेवारीको विषयलाई लिएर कर्मचारीहरूबीच कुटाकुट भएको छ।

परीक्षाको विषयलाई लिएर शुरु भएको विवादमा क्याम्पस प्रमुख बसन्त कर्णकै अगाडि महेश यादवले मुक्का प्रहार गरेपछि सुरेन्द्र यादवले पनि मुक्का प्रहार गरेका थिए। दुबै कर्मचारीले एक अर्कालाई गालीगलौजसहित दुर्व्यवहार पनि गरेका थिए। सो विवादले उग्र रुप लिएपछि कर्मचारी सुरेन्द्रप्रसाद यादव, गोविन्द साह, रामपुकार महतो र विकेश अधिकारी घाइते छन्। घाइते भएका कर्मचारीलाई प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार गरिएको धनुषाका प्रहरी नायब उपरीक्षक बरुणबहादुर सिंहले जनाए। उनले घाइतेहरूको उपचारपछि उनीहरूलाई घर फर्काइएको बताए।

महेश प्रजातान्त्रिक समूहका कर्मचारी रहेका छन् भने सुरेन्द्र माओवादी समर्थित। प्रत्यक्षदर्शी कर्मचारीहरूका अनुसार एमबीएसको परीक्षाको जिम्मेवारी लिने विषयलाई लिएर विवाद उत्पन्न भएको थियो। एमबीएस शाखाका प्रमुख अभिराम रायले सिट प्लान सहित परीक्षा सम्बन्धमा जानकारीका लागि क्याम्पस प्रमुख कर्णसँग भेट्न गएका थिए।

तर, क्याम्पस प्रमुख कर्णले रायलाई परीक्षाको जिम्मेवारीबाट हटाइ अरूलाई दिने मनसाय बनाएपछि विवाद सुरु भएको एक जना कर्मचारीले बताए।

सोही विषयलाई लिएर विद्यार्थी समूहको बीच झडपसमेत भएको थियो।

# रहमान प्राविमा शिक्षा संयोजकको मिलेमतोमा लाखौँ भ्रष्टाचार

**सञ्जय मिश्रा**

रौतहट । कुनै पनि सामुदायिक सरकारी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बुबा, छोरा प्रधानाध्यापक, छोरी शिक्षिका, बुहारी पियन अर्दली हुनु सुन्दा अपत्यारिलो लाग्नसक्छ, तर यो यथार्थ हो रौतहटको उत्तरिभेग गुजरा नगरपालिका- ५ स्थित इशलाम्पुर गाउँमा रहेको रहमान प्राथमिक विद्यालयको अवस्था निकै दयनीय छ।

सो विद्यालय लाई गाउँलेहरुले पछिल्लो समय रहमान प्राथमिक विद्यालयको स्थानमा रहमान पारिवारिक बिद्यालय भन्ने गरेका छन्।

पछिल्लो एकदशक भन्दा बढी समय देखी बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेका छन गुजरा ५ ईश्लामापुरका अवकास प्राप्त शिक्षक मजीबु रहमान भने प्रधानाध्यापक उनको छोरा महमद अफरोज आलम रहेका छन्।

सोही विद्यालयमा महिला शिक्षिका प्रधानाध्यापक अफरोजको छोरी गुलशन नेसा कार्यरत रहेकी छिन् भने उनको श्रीमती सबरिन खातुन पियन अर्दलीको रुपमा कार्यरत रहेकी छिन्।

प्रधानाध्यापक महमद अफरोज विद्यालयलाई आफ्नो निजी सम्पती सरह बनाएर नगर शिक्षा संयोजक शिवमंगल साह संग मिलेर विद्यार्थीको नाउँमा लाखौं रुपैयाँ भ्रष्टाचार गरिरहेका छन्।

अध्यक्ष मजीबु रहमान लक्ष्मीपुर प्राबिका प्रधानाध्यापक हुँदा २०६५ सालमा झोले विद्यालयको अवधारणा अनुरूप बाटो नभएको २ कठा खेत रजिष्ट्रेशन गरेर खोलेको सो विद्यालयको नालीबेली बताउन गाउँले हरुले सोमवार पत्रकार सम्मेलनको आयोजना गरेका थिए।

मजीबु रहमानले बिद्यालय खोलेर छोरा अफरोज प्रधानाध्यापक बनाएर सञ्चालन गरेका थिए। केही वर्ष अघि गुजरा नगरपालिका अन्तर्गतका धेरै झोले विद्यालयहरु सामुदायिक विद्यालयहरूमा मर्ज भएको थियो। तर रहमानले कतैबाट राहत दरबन्दी किनेर सोही दरबन्दीमा छोरा अफरोज लाई प्रधानाध्यापक बनाएर राखेपछी बिद्यालय भने अहिलेसम्म अस्तित्वमा रहेको पत्रकार सम्मेलनमा स्थानिय समाजसेवी तथा नेपाली कांग्रेस का जिल्ला सह सचिव फिरोज आलमले बताएका छन्।



मजीबु रहमान लक्ष्मीपुर प्राविमा कार्यरत हुँदा रहमान प्राबिको व्यवस्थापन समितिको अध्यक्षमा उनकै परिवारका अन्य सदस्य रहेका थिए तर उनी अवकास पछी एकदशक बढी समय देखी अध्यक्षको रूपमा बिराजमान रहेको आलमले बताएका छन्।

२०७४ सालको स्थानिय निकायको निर्वाचन पछि गुजराका नगर शिक्षा संयोजक शिवमंगल साहकै मिलोमतोमा रहमान प्राविका प्रधानाध्यापक अफरोजले लाखौं भ्रष्टाचार गर्दै आएको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ।

त्यतिमात्र नभई एकजना वडा अध्यक्षको सिंगो कार्यकाल सकेर गुजरा ५ का अर्का वडा अध्यक्ष शेख जमालुदिनको कार्यकाल आधा विती रहँदा पनि उक्त विद्यालयको व्यवस्थापन समिति गठन हुन नसक्नुमा शिक्षा संयोजककै चलखेल रहेको सहसचिव आलमले दाबी गरेका छन्।

रहमान प्राविमा हाल कक्षा १ देखी ५ सम्म झण्डै १५० जना बिद्यार्थी अध्ययनरत रहेका छन्।

तर शिक्षा संयोजक संग मिलेर प्रधानाध्यापक अफरोजले विधार्थी संख्या ३६० देखाएर नगरपालिकाबाट सम्पूर्ण सुबिधा लिँदै आएको आलमले बताएका छन्।

विद्यालयको समिती र विधार्थी संख्या लगायत अन्य जानकारीको लागि पटक पटक गुजरा नगर शिक्षा संयोजक शिवमंगल साह लाई गएर भन्दा कहिलै वास्ता नगरेको उनको आरोप रहेको छ।

त्यतिमात्र नभई आफ्नो घर कटहरिया बाट दैनिक कार्यालय त्यही बाटो भएर जाने तर विद्यालयको अवस्था कहिलै नहेरेको पत्रकार सम्मेलनमा बताईएको छ।

विद्यालयको लागि पैसा निकासा हुने दिन शिक्षा संयोजक साह प्रधानाध्यापक अफरोज आलम सँगै बैंक सम्म पुगेर रकमबाट भागबण्डा गर्ने गरेको आलमले आरोप लगाएका छन्।

कक्षा १ देखि ५ सम्मका प्रति विद्यार्थी खाजा बापत दैनिक १५ रुपैयाँ, पाठ्य पुस्तक सरदर ५०० रुपैयाँ र छात्रवृत्ति छात्रा सम्पूर्ण र दलित छात्रालाई सरकारले ४०० रुपैया दिँदै आएको छ।

३६० विद्यार्थीको हिसाब गर्ने हो भने एकदशकमा लाखौं लाख भ्रष्टाचार भएको आलमले पत्रकार सम्मेलनमा जानकारी दिएका छन्।

पत्रकार सम्मेलनमा सहभागी वडा ५ का अध्यक्ष शेख जमाजुदिनले प्रधानाध्याक अफरोजले विद्यालयको सम्पूर्ण रजिस्टर लुकाएर राखेको बताएका छन्।

विद्यालयमा पटक पटक अनुगमन गर्दा कहिलै कुनै रजिस्टर नभेटेको र समिती गठनको लागि २ वर्ष देखि प्रयास गर्दा गर्दै केहीदिन अघि ४ जना सदस्य छनौट भएपनि प्रधानाध्यापकको बदमसीले पूर्णता न पाएको गुनासो गरेका छन्।

समितिलाई पूर्णता दिन आइतबार विद्यालयमा अभिभावक भेला हुँदा प्रधानाध्यापकका परिवारका मानिसहरू कुटपिटमा उत्रँदा पुनः स्थगित गरिएको वडा अध्यक्ष जमालिदिन ले बताएका छन्।

उता नगर शिक्षा संयोजक शिवमंगल साह संग कुरा गर्दा जिम्मेवार ब्यक्ती माथी यस्तो आरोप लाग्नु नौलो कुरा होइन, आफूले कुनै गलत काम नगरेको भन्दै सबै आरोपको खण्डन गरेका छन्।

तर गुजरा नगरपालिकामा मेयर सन्तलाल चौधरीले रहमान प्राबि सँगै अन्य कैयौं विद्यालयको गतिबिधि खराब गर्नुमा शिक्षा संयोजक शिवमंगल साह मुख्य दोषि रहेको स्पष्ट पारेका छन्। रहमान प्राविको समिती गठन लगायत अन्य गतिविधिको बारेमा पटक पटक निर्देशन दिदाँ शिक्षा संयोजक साह विभिन्न बहाना बनाएर फुत्कीने गरेको मेयर चौधरीले गुनासो गरेका छन्।

आफ्नो पहिलो कार्यकाल देखिनै गुजाराको नगर शिक्षा संयोजक रहेको उनी चिप्लो कुरा गर्ने, अनेक नियम कानुन देखाएर मनपरी गर्दै आएको उनले बताए।

रहमान प्राविका बर्तमान अध्यक्ष मजीबु रहमान लक्ष्मीपुर प्राबिको रकम हिनामिना गर्दा उनीमाथी अख्तियार दुरुपयोग अनुसन्धानको कार्यालयमा मुदा चलिरहेको थियो।

पटक पटक म संग भेटेर नगरपालिकाबाट आवश्यक सिफारिस गर्न रहमान ले भन्दा पहिले अख्तियारको मुद्दा फछ्र्यौट गराएर आऊ भनेर फर्काएको थिए।

तर शिक्षा संयोजक शिवमंगल साहले आफूलाई बिना जानकारी रहमानको सिफारिस गरी पठाएकाले पनी आर्थिक चलखेल भएको हुनसक्ने मेयर चौधरीले जानकारी दिएका छन्।

विद्यालयका प्रधानाध्यापक अफरोज आलमले आरोपको खण्डन गर्दै वडा अध्यक्ष जमालुदिन सँगै उनका मानिसहरूले आफूलाई बिना कारण कुटपिट गरेको दाबी गरेका छन्।

# 'स्वास्थ्य सेवामा सबैको पहूँच हुनुपर्दछ'

**टुडे समाचारदाता**

बारा । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक हकका रूपमा स्थापित गरेकोले यसमा सबैको पहूँच हुनुपर्ने बताएका छनु ,

परवानीपुरमा सोमबार रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पतालले सोमबार स्वर्ण महोत्सव अवसरमा अस्पताल परिसरमा आयोजित कार्यक्रममा उपराष्ट्रपति यादवले सरकारी तथा नीजि स्वास्थ्य क्षेत्रको थप सक्रिय भूमिका र सेवा भाव अपरिहार्य आवश्यकता रहेको औल्याए।

उनले भने, 'नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ।

यसलाई पूरा गर्न सरकारले आफ्नो नीति, योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखेको छ' उनले भने, 'मधेश प्रदेशको मात्र नभइ सिंगो नेपालकै एक ऐतिहासिक, सांस्कृतिक, आर्थिक र औद्योगिक नगरी वीरगंजको प्रवेश द्वारमा अवस्थित यो अस्पतालले आफ्नो स्थापना कालदेखि नै उच्चस्तरीय आँखा उपचार सेवा उपलब्ध गराउनु प्रशंसनीय छ।'

उपराष्ट्रपति यादवले अस्पतालका संस्थापक सदस्यमध्येका सुन्दरमल केडिया र उनका परिवारको योगदानको स्मरण गर्दै केडिया आँखा अस्पतालले आँखाको उपचार क्षेत्रमा ठूलो फड्को मारेको र यसले सिंगो मुलुककै गौरव बढाएको बताए। 'अस्पताललाई यो उचाईमा पुऱ्याउन सहयोग गर्ने नेपाल नेत्र ज्योति संघ, एशियामा आँखा उपचार सम्बन्धी क्षेत्रमा सहयोग गर्ने संगठन (एओसीए), स्थानीय लायन्स क्लब, ओर्बिस इन्टरनेसनल, चिकित्सक, कर्मचारी र दाता केडिया परिवार सहित सम्पूर्ण सहयोगी हातहरूलाई धन्यवाद दिन चाहन्छु' उनले भने, 'अस्पतालले मधेश प्रदेशका विभिन्न जिल्लाहरू र छिमेकी भारतका बिहार एवम् उत्तर प्रदेशका जनसमुदायलाई सेवा प्रदान गर्नु सकारात्मक छ।'



उपराष्ट्रपति यादवले अस्पतालले विभिन्न आँखा सम्बन्धी स्वास्थ्य सेवाहरू र आधुनिक प्रविधियुक्त प्रयोगशालाहरू मार्फत उत्कृष्ट उपचार प्रदान गरेको उल्लेख गर्दै अस्पताललाई भविष्यमा पनि उत्कृष्ट सेवा मार्फत् मुलुककै नमुना आँखा उपचार केन्द्रको रूपमा विकसित गर्नुपर्ने बताए।

उनले स्वर्ण महोत्सवको अवसर पारेर शिलान्यास गरिएका नवनिर्मित भवन र दृष्टि स्तम्भको अनावरणले अस्पताललाई थप उचाईमा पुर्याउने विश्वास व्यक्त गर्दै अस्पतालले थप समर्पित भावबाट आँखा रोगहरूको निदान, उपचार र सर्जरीमा केन्द्रित अन्य सबै सेवाहरू प्रदान गर्दै आपतकालीन सेवाहरू थप विस्तार गर्नुपर्नेमा जोड दिए।

उनले समारोहमा हीरालाल केडिया ज्योतिर्गमय सम्मान एवम् पुरस्कार पाउनु भएकाहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै अस्पतालको उत्तरोत्तर प्रगतिको कामना समेत गरे।

**जैविक विविधताको संरक्षण गरौं**

- वनजङ्गलको संरक्षण र वृक्षारोपणका कार्यक्रम संचालन गरौं,
- जलाधार क्षेत्र र सिमसार क्षेत्रको संरक्षणमा जुटौं,
- दुर्लभ वनस्पति तथा पशुपंक्षीको अवैध सिकार र तस्करीविरुद्ध आवाज उठाऔं,
- वातावरणीय सन्तुलन कायम हुने गरी विकासको क्रार्यक्रम संचालन गरौं,
- परम्परागत कृषिबाली र पशुनश्लको संरक्षण गरौं।

**जैविक विविधताको संरक्षण बारेमा जनचेतना जगाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८